मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## इरान हमला पछि नेतन्याहुको छोराको बिबाह रोकियो

समाचार पृष्ठ ६ मा



वर्ष ३ | अंक २१४ | २०८२ साल असार ०३ गते मंगलबार | Tuesday 17, June 2025 | सूर्योदय: बिहान ५:११ बजे | सूर्यास्त: साँझ ७:०१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# सानोपाइलामा रवि लाखका शेयर होल्डर करोडौँका ऋणी, अर्बौँ हिनामिनामा साझेदार



### सानोपाइलामा को हुन् रवि लामिछाने ?

सहकारीः सानोपाइला सहकारी वीरगंज
ग्राहकको नामः रवि लामिछाने
ग्राहक नम्बरः ००१–०१५४६१
खाता नम्बरः ००१–००१–०२–००११६४२
सदस्य बनेको मितिः २०७८ साउन १८ गते
शेयर रकम जम्माः १ लाख रुपैयाँ
ऋण जारी मितिः २०७९ साउन १९ गते
ऋणको ब्याज दरः १२ प्रतिशत
ऋण भाकाः २०८२ साउन १८ गते
हकदारः पत्नी निकिता पौडेल र बुवा लालचन्द्र

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजका सर्वसाधारणले खाइनखाइ जोगाएर बचत गरेको रकम जम्मा भएको सानोपाइला बचत तथा ऋण सहकारी संस्थाबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले बकैदा शेयर सदस्य बनेर ऋण लगेको खुलेको छ । यति मात्र होइन, उनले एक लाख रुपैयाँको शेयर सदस्य बनेर २४ घण्टा नबित्दै करोडौँ ऋण लगेको पनि देखिएको छ ।

आफ्नो कुनै पनि सहकारीमा संलग्नता छैन भन्ने दाबी गरिरहेका रास्वपा सभापति लामिछानेको सहकारीसम्बन्धी मुद्दा अब पर्सामा केन्द्रित भएको छ । मुलुकको चौथो दल रास्वपा सभापति लामिछानेलाई जिल्ला प्रहरी कार्यालय पर्साले सरकारी वकिलको कार्यालयलाई बुझाएको मिसिलमा वीरगंजस्थित सानोपाइला सहकारीमा सदस्य बनेको देखिएको हो । यति मात्र होइन, पहुँचका आधारमा लामिछानेले सानोपाइलामा शेयर सदस्य बनेको भोलिपल्टै शेयर सदस्यता शुल्कको तुलनामा कैयौँ गुणा बढी ऋण लिइएको पाइएको छ । सहकारीबाट शेयर सदस्य लामिछानेको ग्लोबल आइएमइ बैंकको खातामा १ करोड ४७ लाख ४८ हजार रुपैयाँ जम्मा भएको देखिन्छ ।

जिल्ला सरकारी वकिलको कार्यालय पर्साले पर्सा जिल्ला अदालतमा दायर गरेको मुद्दाको अभियोग पत्रमा लामिछाने शेयर सदस्य भएको र ऋण लगेको पाइएको हो । लामिछानेले सरकारी ठगी प्रकरणमा प्रहरीसमक्ष आफू ५ वर्ष सञ्चारकर्ममा रहँदा कहीँकतै शेयरलगानी तथा ऋण लगानी नगरेको इन्कारी बयान दिँदै आएका थिए । पर्साको मुद्दा सार्वजनिक भएसँगै लामिछाने नैतिक संकटमा परेका मात्र छैनन्, अन्यत्र भन्दा वीरगंजमा उनी सहकारी रकम अपचलनमा प्रत्यक्ष संलग्न भएको भेटिएको छ । गितेन्द्रबाबु (जिबी) राई र छविलाल जोशीबीचको सहकार्य र सम्बन्धबारे जानकार नभएको दाबी गर्ने लामिछानेलाई ग्यालेक्सी टेलिभिजन खोल्न जिबी राई भेटाउने पनि उनै छविलाल जोशी थिए । तर लामिछानेले लगातार इन्कारी गरिरहेका थिए ।

यति मात्र होइन, लामिछानेको लोकप्रियता देखेर जिबी राईले नै १५ प्रतिशत शेयर बिना लगानी उपलब्ध गराउने प्रस्ताव गरेको तथा मिडियामा लगानी ल्याउने प्रक्रियामा आफ्नो कुनै हात नभएको दाबी गरिरहँदा वीरगंजको सानो पाइलामा उनको नाममा देखिएको कारोबारले उनको पुराना इन्कारी बयान आफैँ खण्डन भएको छ । जिल्ला सरकारी वकिलको कार्यालयले कर्जा अभिलेखमा लामिछानेले ऋण लिएको प्रमाण रहेको र सहकारी रकम अपचलन कसुरमा संलग्न रहेको पुष्टि हुने दाबी गर्दै मुद्दा दायर गरेको छ ।

## ग्यालेक्सी टिभीमा कति पैसा गयो ?

रवि लामिछानेका नाममा मोटो रकम गएजस्तै सानोपाइला सहकारीबाट गोर्खा मिडिया नेटवर्कको बैंक खातामा १० करोड ६ लाख रुपैयाँ रकम गएको छ । यो टिभीमा ऋण लगानी भएको देखिएको र यसमा पनि लामिछाने कसुरदार पुष्टि हुने दाबी सरकारी वकिलको कार्यालयले अभियोजन गरेको अभियोग पत्रमा देखिन्छ । रविको सदस्यता, ऋण लिएको र जम्मा गरेको चेक पनि मुद्दा मिसिलमा संलग्न छ । वीरगंजका सर्वसाधारणले जम्मा गरेको सानोपाइलाको रकम लामिछानेका नाममा गोर्खा मिडिया प्रालिमा १ करोड ४७ लाख, जिबी र छविसहित संयुक्त रूपमा ३ करोड २ लाख रुपैयाँ पठाइएको पाइएको छ ।

यति मात्र होइन, लामिछाने गोर्खा मिडिया प्राविको सञ्चालक, प्रबन्ध निर्देशक र शेयर सदस्य रहँदा एकल र संयुक्त रूपमा १० करोड रुपैयाँ बढी अपचलन भएको र बिगो ११ करोड ५६ लाख रुपैयाँ दाबी गरिएको छ । आइतबार दायर भएको मुद्दामा सानो पाइला सहकारी ठगीमा रवि लामिछानेसहित २९ जनाविरुद्ध मुद्दा दर्ता भएको छ । रविले सहकारीबाट लिएको रकम ब्याजसमेत जोड्दा २०७९ साउन ११ गते १ करोड ८६ लाख ९४ हजार ६ सय ४ रुपैयाँ भएकामा सहकारीलाई उनले एक पैसा नतिरेको र मिलेमतोमा उनको नामको ऋण गितेन्द्रबाबु (जीबी) राईको नाममा ट्रान्सफर गराइएको पाइएको छ । यसबाट सहकारीको रकम अपचलनमा रविको गितेन्द्रबाबु राई र अन्य प्रतिवादीहरूसँग मिलेमतो देखिएको अभियोगपत्रमा उल्लेख छ ।

रविले डेढ करोड रुपैयाँ ऋण लिएको तथ्य सहकारीको कम्प्युटरमा पनि फेला परेको र उनले आफ्नो वास्तविक ठेगाना उल्लेख नगरी बागमती, काठमाडौँ मात्रै लेख्न लगाई आफ्नो ठेगाना लुकाउन खोजेको आरोप छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ३० मा संगठित संस्थाबाट भएको कसुरमा काम गर्ने गराउने आपराधिक दायित्व हुने कुनै फर्म कम्पनी वा संगठित संस्थाले कुनै कसुरजन्य काम गरेको वा गराएकोमा जसले त्यस्तो काम गरेको हो सोही व्यक्ति जिम्मेवार हुने र व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा त्यस्ता काम गर्ने सम्बन्धित धनी वा हिस्सेदारहरू र कम्पनी वा संगठित संस्था भए त्यस्तो काम गर्ने वा गराउने सञ्चालक, प्रबन्ध सञ्चालक, महाप्रबन्धक र त्यस्तो व्यक्ति पनि किटान हुन नसकेमा संस्थाको हकमा कार्यकारी प्रमुखले आपराधिक दायित्व व्यहोर्नुपर्ने उल्लेख छ ।

यही व्यवस्थाअनुसार गोर्खा मिडिया नेटवर्कमा सञ्चालक, सेयरधनी एवम् प्रबन्ध निर्देशक समेतको भूमिकामा विभिन्न सहकारीबाट प्रचलित नियम कानूनविपरीत रकम हिनामिना गरी गोर्खा मिडिया सञ्चालनमा ल्याएको आरोप छ । रवि प्रबन्ध निर्देशक रहेको गोर्खा मिडिया नेटवर्कमा सानो पाइला सहकारीबाट १० करोड ६ लाख ९४ हजार रुपैयाँ गएको र रकम सानो पाइला सहकारीमा फिर्ता गरेको प्रमाण रवि लामिछाने र छविलाल जोहीले देखाउन नसकेको अभियोगमा उल्लेख छ । व्यक्तिगत र गोर्खा मिडियामा गएको अन्य रकमसमेत गरी उनलाई ११ करोड ५६ लाख ९४ हजार रुपैयाँ बिगो माग गरिएको छ । रवि लामिछानेका हकमा व्यक्तिगत १ करोड ४७ लाख ४८ हजार र सामूहिक दायित्वको बिगो ३ करोड २ लाख ३२ हजार ६ सय ६६ रुपैयाँ उल्लेख छ । सानो पाइलामा बुझाउनुपर्ने रकममा रविले ५ करोड ७४ लाख ३० हजार ३ सय ३३ रुपैयाँ थप बिगो कायम गरिएको छ । उनीहरूलाई सहकारी ऐन, २०७४ र संगठित अपराध निवारण ऐन, २०७० अनुसार सजाय माग गरिएको छ । मुद्दाका २९ जना प्रतिवादीमध्ये रवि र छवि रूपन्देही कारागारमा छन् ।

रामबहादुर खनाल र प्रमोद भट्टराई कास्की कारागारमा छन् । अन्य २५ प्रतिवादी फरार छन् । उनीहरूले सानो पाइला सहकारीको २ अर्ब ३० करोड १४ लाख २९ हजार ८ सय रुपैयाँ हिनामिना गरेको अभियोग छ ।

# मल नपाएर किसान छटपटाइरहेका छन्, सरकार भने मौन छः प्रभु साह



**मधेशदृष्टि**
**रौतहट ।**

आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले सरकारले किसानलाई जिउँदै मारिरहेको आरोप लगाएका छन् । गृह जिल्ला रौतहटको कटहरियामा सोमबार बसेको पार्टीको जिल्ला कमिटी विशेष बैठकलाई सम्बोधन गर्दै अध्यक्ष साहले यस्तो टिप्पणी गरेका हुन् । उनले भने, 'धान रोपाइँको महत्वपूर्ण सिजन शुरु भइसकेको छ । तर, सरकारले किसानलाई न मल दिएको छ, न विउबिजन । किसान छटपटाइरहेका छन् । तर, अन्धो सरकार देखिरहेको छैन । किसान मारा सरकारलाई किसानको आँशुले पोल्नेछ ।' साहले प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वको केन्द्रीय सरकारमाथि तीव्र आक्रोश व्यक्त गर्दै प्रश्न गरे, 'प्रधानमन्त्रीजी, किसानलाई अहिले मल किन दिन सकिएको छैन? किन जनताको दुःखमा सरकार मौन छ?' उनले भारतबाट मल ल्याउने किसानहरूलाई सीमामा प्रहरीले पक्रेर 'बाहुदरी' देखाइरहेको टिप्पणी गर्दै भने, 'केन्द्रीय सरकारले मल दिन सक्दैन । तर, किसानले मल ल्याउँदा कारबाही गर्छ? यस्तो तानाशाही सरकार अब जनताले सहन सक्दैनन् ।' साहले वर्तमान सरकारलाई बिचौलियामुखी भन्दै आलोचना गरे । 'बिचौलियाले बनाएको यो गठबन्धन सरकारले बिचौलियालाई त खुसी बनाएको छ । तर, किसान, सर्वसाधारण जनता निराश छन् । सरकार जनताको समस्या बुझ्न असफल भइसकेको छ,' उनले भने । सरकार दलाली प्रवृत्तिका पक्षमा उभिएको र लुट, भ्रष्टाचार तथा दलिय सिण्डीकेटलाई संस्थागत गरिरहेको उनको आरोप छ । 'लुटकारी दलतन्त्रको अन्त्यका लागि न्यायप्रेमी जनता र दलहरू एकजुट हुनुपर्ने बेला आएको छ,' साहले भने । बैठकले संगठन विस्तार र मजबुतीका साथै किसानलाई आवश्यक मलखाद्य र विउबिजन उपलब्ध गराउन संघर्ष गर्ने निर्णयसमेत गरेको आजपाले जनाएको छ । पार्टीका रौतहट इञ्चार्ज धर्मेन्द्र पटेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आजपा कार्यालय सदस्यहरू समिना हुसैन, त्रिभुवन साह, सियाराम कुशवाहा, उमेश कुशवाहा, विजय यादव निर्विजलगायत नेताहरूको उपस्थिति रहेको थियो ।

# अष्ट्रेलियामा सर्भर राखेर साढे अडसठ्ठी करोड ठगी ?

**मधेशदृष्टि**
**काठमाडौँ ।**

काठमाडौँको तीनकुनेमा रहेको कम्पनीका शेयरधनी तथा सञ्चालकले अष्ट्रेलियामा सर्भर राखेर मिलेमतोमा करोडौँको कर छली गरेको पाइएको राजस्व अनुसन्धान विभागले जनाएको छ । त्यसरी कर छलीमा काठमाडौँ महानगरपालिका–३२
तीनकुनेस्थित नेपाल क्यान मुभका शेयरधनी–सञ्चालक सुदीप आचार्य, जीवन ज्ञवाली, गङ्गाबहादुर थापा, मनिषप्रसाद आचार्य, मिठु पौडेल र उपकार्यकारी निर्देशक सङ्गम पौडेल संलग्न रहेको अभियोगमा मुद्दा चलाइएको विभागकी उपमहानिर्देशक एवम् प्रवक्ता कृष्णकुमारी श्रेष्ठले जानकारी दिइन् ।

प्रवक्ता श्रेष्ठले उनीहरूले मिलेमतोमा ६८ करोड ४४ लाख ५ हजार ७ सय ६० रुपैयाँ बिगो बराबरको कर छली गरेको दाबीसहित त्यसको शतप्रतिशत जरिवानासमेत गरी एक अर्ब ३६ करोड ८८ लाख ११ हजार ५ सय २० रुपैयाँ असुल उपर गर्नुपर्ने मागदाबीसहित उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको जानकारी दिइन् । मतियारका रूपमा काम गरेकाले उप–कार्यकारी निर्देशक सङ्गम पौडेलको हकमा भने अन्य आरोपीको भन्दा आधा सजायको मागदाबी गरिएको छ । विभागले कम्पनीको कारोबारस्थलमा गरेको आकस्मिक निरीक्षणबाट आफ्नो व्यावसायिक कारोबारका लागि प्रयोगमा ल्याएको अनलाइन प्रणाली नियन्त्रणमा लिई आव २०७६–७७ देखि आव २०८१–८२ को फागुन महिनासम्मको कारोबार खुल्ने ट्रायल ब्यालेन्सलगायत महत्त्वपूर्ण कागजात तथा प्रमाण रितपूर्वक बरामद गरी अनुसन्धान गर्दा कम्पनीले पोर्टलको सर्भर अष्ट्रेलियामा राखेर सेवा बिक्रीको ठूलो कारोबार आन्तरिक राजस्व विभागमा पेस गरेको मूल्यअभिवृद्धि कर आय विवरणमा नदेखाई बिक्री आय लुकाई ठूलो परिमाणमा मूल्य अभिवृद्धि कर तथा आयकर छली गरेको पाइएको जनाएको छ ।

करछलीका सम्बन्धमा अनुसन्धान गर्दा शेयरधनी–सञ्चालकहरू सुदीप आचार्य, जीवन ज्ञवाली, गङ्गाबहादुर थापा, मनिषप्रसाद आचार्य, मिठु पौडेल र उपकार्यकारी निर्देशक सङ्गम पौडेल संलग्न रहेको पाइएपछि उनीहरूविरुद्ध मुद्दा चलाइएको विभागले जनाएको छ । दायर अभियोजनमा प्रस्तुत मुद्दामा कार्गो तथा कुरियर व्यवसाय गर्ने प्रतिवादीहरुले व्यावसायिक कारोबार गन एनसिएम पोर्टल आव २०७६–७७ देखि नै सञ्चालनमा ल्याएकामा नेपालको कर प्रशासनको निगरानीलाई छल्न पोर्टलको सर्भर अष्ट्रेलियामा राखी नेपालमा सेवा बिक्री लुकाउने–छिपाउने कार्य गरेको दाबी गरिएको छ ।

अनुसन्धानका क्रममा कम्पनीले अधिकांश शेयर स्वामित्व भएका प्रतिवादी सुदीप आचार्य (५५.३३ प्रतिशत) र जीवन ज्ञवाली (१६ प्रतिशत)लाई विभागले पटकपटक ताकेता गर्दासमेत उपस्थित नभई फरार रहेको विभागले जानकारी दिएको छ । कम्पनीले सेवा बिक्रीलाई तोडमोड गरी म्यानुअल तवरले बिलिङ गरी वास्तविक बिक्री कारोबार लुकाएको पाइएकाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ विपरित कार्य गरी विभिन्न तवरले ६८ करोड ४४ लाख ५ हजार ७ सय ६० रुपैयाँ बिगो बराबरको कर छली गरेको विभागको दाबी छ । प्रतिवादी सुदीप आचार्य, जीवन ज्ञवाली, गङ्गाबहादुर थापा, मनिषप्रसाद आचार्य, मिठु पौडेल र उपकार्यकारी निर्देशक सङ्गम पौडेलसमेतले एकापसमा मिलोमतो गरी कम्पनीको सर्भर अष्ट्रेलियाबाट सञ्चालन गरेर नेपालको कर प्रशासनको पहुँचभन्दा बाहिर राखी मूल्य अभिवृद्धि कर र आयकरसमेत छली गरेको तथ्य प्रमाणि भएको विभागले जनाएको छ । विभागल भनेको छ, 'उनीहरूले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य तथा सोही ऐनको दफा ४ को खण्ड (क), (च) र (झ) बमोजिमको कसुर गरेको देखिएकाले प्रतिवादी शेयरधनी–सञ्चालकहरू सुदीप आचार्य, जीवन ज्ञवाली, गङ्गाबहादुर थापा, मनिषप्रसाद आचार्य र मिठु पौडेलसमेतलाई विस्तृत अनुसन्धान तथा तहकिकात प्रतिवेदनको बिगो गणना तालिकाअनुसार बिगो रकम असुल गर्ने तथा बिगोको शतप्रतिशत जरिवानासमेत गरी एक अर्ब ३६ करोड ८८ लाख ११ हजार ५ सय २० रुपैयाँ असुलउपर गरी त्यसबाट कानुनसम्मत् ब्याजसमेत लगाई कैद सजायको मागदाबी लिइएको छ ।'

# भरतपुरमा मनाइयो ११औँ अन्तर्राष्ट्रिय योग दिवस

**मधेशदृष्टि**
**चितवन ।**
भरतपुर महानगरपालिका वडा नम्बर १० स्थित नारायणी नदी किनारमा सोमबार बिहान ११औँ अन्तर्राष्ट्रिय योग दिवस योग शिविर गरेर मनाइएको छ ।

भारतीय महावाणिज्य दूतावास वीरगंजको संयोजनमा भएको कार्यक्रममा ५ सय ५० भन्दा बढीको सहभागिता थियो ।महावाणिज्यदूत देवी सहाय मीनाको सभापतित्वमा भएको कार्यक्रममा भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीको प्रमुख अतिथि र प्रहरी उपरीक्षक गोविन्द पुरी विशिष्ट अतिथि



थिए । कार्यक्रममा प्रहरी, सरकारी कर्मचारी, योग राजनीतिक दलका प्रतिनिधि, संस्थाका पदाधिकारी तथा नागरिक समाजका अगुवाको सहभागिता थियो ।

कार्यक्रमका वक्ताहरुले योगलाई स्वास्थ्य र समग्र जीवनशैलीको अभिन्न हिस्सा बनाउनुपर्ने बताएका थिए । यस्तै, नेपाल–भारत सम्बन्ध सुदृढ बनाउन योगले भूमिका खेल्ने र भरतपुर महानगरले योग प्रचारमा सघाउने प्रतिबद्धता जनाएको छ ।कार्यक्रममा उद्योग वाणिज्य संघ चितवन, नेपाल–भारत मैत्री संघ चितवन, पतञ्जली योग समिति र आर्ट अफ लिभिङ लगायत संस्थाको सक्रिय सहभागिता र सहयोग रहेको थियो । कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकामा महावाणिज्य दूतावास वीरगंजले सबैमा आभार व्यक्त गरेको छ ।

## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रधान कार्यलय ,गितमन्दिर रोड, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको १५ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा मिति २०८२/०१/१८ मा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन (१६ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८२/०३/१८ गते बुधबारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

१) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०४४ साल श्रावण महिना १२ गते रोज २ मा श्री ५ को सरकार (घरेलु तथा साना उधोग कार्यलय), जिल्ला कार्यलय पर्सा, बीरगंजमा दर्ता भै नं. प्रा.फ.नं. ९५/०४४/४५, तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग,विरगज,पर्सा मा दर्ता भै स्थायी लेखा नं.६०३२६५४११ अन्तर्गत दर्ता कायम भएको बीरगंज म.न.पा. वडा नं. २९ ,पर्सा कार्यालय रहेको श्री सुनिता कन्सट्रक्सन कंम्पनी ।

**कर्जाको प्रकार:-ब्यवसायीक अधिविकर्ष कर्जा , ब्यवसायीक आवधिक कर्जा,अल्पकालिन कर्जा,गाडि कर्जा**

**कर्जाको सुरक्षण विवरणः**

१) सिवनन्दन राउत कुर्मीको नाति, विसनाथ राउत कुर्मीको छोरा जिल्ला पर्सा, बस्डील्वा वडा नं.४ बस्ने(ना.प्र.न. ०९७५२२३५,जारी मिति २०६१/१२/११ जि.प्र.का. पर्सा) बर्ष ४० को **बृज भार राउत कुर्मी** को नाममा दर्ता कायम रहेको **जिल्ला पर्सा गा. वि स. मजडिहा पिपरा वडा नं ४, ८ र ४ स्थित किता नं. ४८२,११६६, ६४२ र ६४३ को जम्मा क्षेत्रफल त्रमश ०-१-०-०,०-०-५ ,०-०-५-८ र ०-०-५-८ को घरजग्गा ।**

२) सिवनन्दन राउत कुर्मीको नाति, विसनाथ राउत कुर्मीको छोरा जिल्ला पर्सा, बस्डील्वा वडा नं.४ बस्ने(ना.प्र.न. ०९७५२२३५,जारी मिति २०६१/१२/११ जि.प्र.का. पर्सा) बर्ष ३९ को **बृज भार राउत कुर्मी** को नाममा दर्ता कायम रहेको **जिल्ला बारा गा. वि स. फतेपुर वडा नं ९ स्थित किता नं. ७०७ को जम्मा क्षेत्रफल ०-६-० को घरजग्गा ।**

३) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०४४ साल श्रावण महिना १२ गते रोज २ मा श्री ५ को सरकार(घरेलु तथा साना उधोग कार्यलय), जिल्ला कार्यलय पर्सा, बीरगंजमा दर्ता भै नं. प्रा.फ.नं. ९५/०४४/४५, अन्तर्गत दर्ता कायम भएको बिरगंज, पर्सा कार्यालय रहेको श्री सुनिता कन्सट्रक्सन कंम्पनीको नाममा दर्ता कायम रहेको **जिल्ला पर्सा** बीरगंज उ.**म.न.पा वडा नं १५ स्थित किता नं. २१२ को जम्मा क्षेत्रफल १६९.३० को घरजग्गा ।**

३) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०४४ साल श्रावण महिना १२ गते रोज २ मा श्री ५ को सरकार, जिल्ला कार्यलय पर्सा, बीरगंजमा दर्ता भै नं. प्रा.फ.नं. ९५/०४४/४५, अन्तर्गत दर्ता कायम भएको तथा बीरगंज, पर्सा कार्यालय रहेको श्री सुनिता कन्सट्रक्सन कंम्पनीको को नाममा दर्ता कायम रहेको JCB NXT 140 Excavator गाडी नं. प्रदेश **२-०३-००१ क १७३७ को मसीन नं. २९४५१०९ इन्जिन नं.८४९४२२५७ ।**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

१) राजेन्द्र राउत कुर्मीको छोरी ,विसनाथ राउत कुर्मीको बुहारी, बृज भार राउत कुर्मीको पत्नी, जिल्ला पर्सा, श्रीसिया ख.टो वडा नं. ८ (हालः जिल्ला पर्सा, बस्डील्वा वडा नं.४) बस्ने(ना.प्र.नं. ३४३०७५/१७३, जारी मिति २०६३/११/२६, जि.प्र.का पर्सा) **बर्ष ३४ की मालती कुमारी ।**

२) सिवनन्दन राउत कुर्मीको नाति, विसनाथ राउत कुर्मीको छोरा जिल्ला पर्सा, बस्डील्वा वडा नं.४ बस्ने(ना.प्र.न. ०९७५२२३५,जारी मिति २०६१/१२/११ जि.प्र.का. पर्सा) बर्ष ३९ को **बृज भार राउत कुर्मी ।**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ असार १७ गते मंगलबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ असार १८ गते बुधबार दिउँसो ४:०० बजे सम्म ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।

# दर्जनौं नेता–कार्यकर्ता लोसपामा प्रवेश

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको फेटा गाउँपालिका वडा नम्बर–२ बिनवलियामा सोमबार विभिन्न राजनीतिक दल परित्याग गरी दर्जनौं महिला तथा पुरुष नेता–कार्यकर्ता लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालमा प्रवेश गरेका छन् । नवप्रवेशीहरूलाई लोसपा नेपाल मधेश प्रदेशका अध्यक्ष जितेन्द्र सोनलले स्वागत गरे ।

पार्टी प्रवेश गर्नेहरूमध्ये जयकिशुन मुखिया लगायतका स्थानीय नेता तथा कार्यकर्ताहरू रहेका छन् ।कार्यक्रममा मन्तव्य राख्दै प्रदेश अध्यक्ष सोनलले लोसपामा प्रवेश गरेका सबैलाई उचित सम्मान र स्थान दिइने प्रतिबद्धता व्यक्त गरे ।

# ठूलो परिमाणमा भारतीय युरिया मल बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको जिराभवानी गाउँपालिकाबाट सशस्त्र प्रहरीले ठूलो परिमाणमा भारतीय युरिया मल बरामद गरेको छ । विशेष सूचनाका आधारमा गरिएको छापामा १७ बोरा मल फेला परेको हो ।
सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट महादेवबाट खटिएको टोलीले जिराभवानी गाउँपालिका–१ बलुवामा स्थानीय नेशार समानीको घरमा भण्डारण गरिरहेको अवस्थामा मल बरामद गरेको हो ।
टोलीको नेतृत्व सशस्त्र प्रहरी सहायक निरीक्षक जिन्दा प्रसाद यादवले गरेका थिए । बरामद गरिएको मललाई आवश्यक प्रक्रिया पूरा गरी वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल १३ नम्बर गण पर्साका प्रवक्ता, सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्र बहादुर सिंहले जानकारी दिए । भारतबाट चोरपथमार्ग हुँदै ल्याइने यस्ता कृषि मलहरू स्थानीय किसानहरूका लागि प्रयोग हुने आशंका गरिए पनि यसरी अवैध रूपमा भण्डारण गरिएको युरिया मलले कालोबजारी र तस्करीको संकेत दिएको स्थानीय स्रोतको भनाइ छ ।

# वडाध्यक्ष कुशवाहाको नेतृत्वमा विकासले गति लिँदै

**मधेशदृष्टि**
**बारा ।**
बाराको प्रसौनी गाउँपालिका वडा नं. ६ अन्तर्गत पर्ने बेलहिया बजारमा हाल नाला ढलानको कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ। स्थानीयबासिन्दाको दीर्घकालीन माग तथा बजार क्षेत्रको समुचित विकासका लागि वडाध्यक्ष ब्रिजकिशोर कुशवाहाको नेतृत्वमा सो कार्य अघि बढाइएको हो ।



वर्षाको समयमा हुने जल जमाव, सडकमा पानीको निकास अभाव र बजारको स्वच्छतामा समस्या भइरहँदा यस पटक वडा कार्यालयले नाला निर्माणलाई प्राथमिकतामा राख्दै कार्यान्वयन शुरु गरेको छ। वडाध्यक्ष कुशवाहाले भने, 'बेलहिया बजार हाम्रो प्रमुख व्यापारिक केन्द्र हो। यहाँको पूर्वाधार विकासमा हामी निरन्तर लागिरहेका छौँ । यो नाला ढलानको काम बजारको सरसफाइ, सुरक्षित आवागमन र दीर्घकालीन विकासका लागि आवश्यक कदम हो।' स्थानीयवासी तथा व्यापारीहरू यस कामप्रति खुसी व्यक्त गर्दै अध्यक्ष कुशवाहाको सक्रियताको प्रशंसा गरेका छन्। 'पहिले वर्षामा पानी बजारमै थुनिन्थ्यो ।
अहिले नाला निर्माण हुँदैछ । यसले ठूलो राहत मिल्नेछ,' एक स्थानीय व्यापारीले भने ।
निर्माणको गुणस्तरमा कुनै सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गर्दै वडा कार्यालयले प्राविधिक टोलीमार्फत नियमित अनुगमन गरिरहेको जनाएको छ ।
काम सकेपछि बजार क्षेत्र अझ व्यवस्थित, सफा र दिगो विकासतर्फ अग्रसर हुने विश्वास गरिएको छ। प्रसौनी गाउँपालिकाले यसैगरी अन्य पूर्वाधार विकासका परियोजनाहरू पनि क्रमशः सञ्चालनमा ल्याउँदै लैजाने योजना बनाएको छ ।

# साउदी अरेबियामा ५४४ नेपाली जेल चलान

**मधेशदृष्टि**
**काठमाडौँ ।**
वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरेबिया पुगेका ५ सय ४४ नेपाली नागरिक त्यहाँको कानून विपरीत गतिविधिमा संलग्न भएको अभियोगमा जेल चलान भएका छन् । साउदी अरेबियाको कडा इस्लामिक कानूनअनुसार रक्सी सेवन, बिक्री र वितरण पूर्ण रूपमा गैरकानूनी मानिन्छ । तर पछिल्लो समय, साथीभाइको संगत, लोभ–प्रलोभन र अज्ञानताका कारण धेरै नेपाली यस्ता अवैध क्रियाकलापमा फस्दै गएको देखिएको छ ।
स्रोतका अनुसार, जेल चलान गरिएकामध्ये धेरैजसोको मुद्दा रक्सी सेवन र कारोबारसम्बन्धी रहेको छ । केही व्यक्ति भने कागजात अभाव, अवैध बसोबास तथा अनाधिकृत काम गर्ने जस्ता मुद्दामा पनि संलग्न देखिएका छन् ।
विदेशमा रोजगारीको सपना लिएर गएका नेपाली नागरिकले त्यहाँको कानूनी व्यवस्थाको राम्रो जानकारी नपाउनु तथा आप्रवासी कामदारमाथिको निगरानी कठोर हुनु पनि कारक बन्न पुगेको जानकारहरू बताउँछन् ।
यसैबीच, साउदी जेलमा परेका नेपालीहरूको उद्धार तथा कानूनी सहायताका लागि नेपाली दूतावास तथा सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने आवाज उठ्न थालेको छ । प्रवासी नेपाली मञ्च, मानव अधिकारकर्मी तथा श्रमिक अधिकारवादीहरूले सरकारलाई आग्रह गर्दै, साउदी जेलमा रहेका नेपालीको पहिचान, अवस्था र कानूनी उपचार प्रक्रिया अघि बढाउन आग्रह गरेका छन् ।

**सबैला नगरपालिका**
**सबैला बजार, धनुषा**

गिफ्ट पसलेहरुको लागि डल, गुडिया, कुशन चाहिएमा सम्पर्क गर्नुहोला ।
**सम्पर्क व्यक्ति सुनिता पजियार**
सम्पर्क नं. 9819818924

# सिम्रौनगढ बलात्कार काण्डः 'हामीलाई न्याय चाहियो' – पीडितकी आमा

**मधेशदृष्टि**
**बारा।**
गत शनिवार बाराको सिम्रौनगढ नगरपालिका वडा नं.३ नयकाटोला किशुनपुरमा भएको बलात्कार काण्डका दोषीलाई कडा सजायको माग गरिएको छ । सोमवार गाउँमै सञ्चारकर्मीहरूसँग कुरा गर्दै पीडित १४ वर्षीया नाबालिककी आमाले आफूहरुले न्याय पाउनुपर्ने बताइन् । मुस्लिमहरुको पर्व बकरिदका दिन घरमा कोहि नभएको मौकाछोपी दिउँसो ३ बजे कक्षा ६ मा अध्ययनरत १४ वर्षीया एक नाबालिकको उनको घरमै प्रवेश गरेर करिब २२ वर्षीय एक स्थानीय युवकले बलात्कार गरेका थिए । घटनापछि पीडित युवतिको परिवरले मंगलवार जिल्ला प्रहरी कार्यालय बाराको कलैयास्थित महिला तथा बालबालिका सेलमा उजुरी दिएका थिए । उनको सोहिदिन स्वास्थ्य परिक्षण समेत भएको थियो । प्रहरीले जबर्जस्ती करणीको मुद्दा दायर गरिसकेको छ । तर, बलात्कारका आरोप लागेका युवा र उनका बुवा अहिले फरार भएका छन् । उजुरी दिएको एक साता हुनलाग्दा समेत प्रहरीले आरोपितहरुलाई समात्न सकेको छैन । जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डिएसपी विजयराज पण्डितले आरोपिको खोजविन जारी रहेको बताए । उनले घटनाका दोषीलाई सिघ्र कानुनको दायरामा ल्याउने बताए । यता उक्त घटनालाई वडाध्यक्षले मिलापत्र गराउन खोजेको भनी गरिएको दुष्प्रचार भ्रामक रहेको वडा नं.३ का अध्यक्ष अजिउल्लाह अंसारीले बताए । आफू जहिलेपनी न्यायको पक्षमा रहेकोमा राजनीतिक प्रतिद्वन्दीहरुले कपोकल्पित रुपमा भ्रामक समाचार फैलाएको उनले आरोप लगाए । पीडितलाई न्याय दिलाउन हरेक स्थानमा सहयोगी भुमिका खेल्न आफू तयार रहेकै बेला केही स्थानिय प्रतिद्वन्दीहरुले चरित्र हनन गर्नका लागी केही सञ्चारकर्मी प्रयोग गरेर दुष्प्रचार फैलाएको वडाध्यक्ष अंसारीले बताए ।

# दूधमा आत्मनिर्भर उन्मुख बन्दै मधेश प्रदेश

**महोत्तरी ।**
मधेश प्रदेश दुधमा आत्मनिर्भरतातर्फ उन्मुख बनेको छ । कृषि तथा पशुपंक्षी मन्त्रालयअन्तर्गतको ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोर कार्यालय बर्दिबासको अनुदान सहयोगमा पशुपालक किसानले दुधालु मानिएका मुर्रा जातको भैंसीपालन गरेका छन् । मधेश प्रदेश चाँडै दुधमा आत्मनिर्भर बन्ने अनुमान करिडोर कार्यालयको छ । आयोजनाले मधेशका पूर्वपश्चिम राजमार्ग र हुलाकी मार्गले छोएका ८४ स्थानीय तहलाई समेटेको छ । यी स्थानीयतहमा पाँच हजार भन्दाबढी किसान १७९ समूहमा आबद्ध छन् । यी समूहमध्ये व्यवसायिक कार्य योजना बनाएका ११० वटा समूह अनुदान प्रक्रियामा छनौट भएका छन् । हाल ११० समूहमध्ये ५८ वटा समूहलाई व्यवसायिक कार्य योजनाअनुसार अनुदानको पहिलो किस्ता उपलब्ध गराइएको छ । यीमध्ये ५० समूहमा आबद्ध किसानले भैंसीपालनको योजना बनाएको कार्यालयले जनाएको छ । 'हामीले दुध, मासु र अन्य सागसब्जी उत्पादनका योजनालाई प्राथमिकता दिन्छौँ, यसअनुसार अहिले ५० समूहका किसानले दुधालु जातका मुर्रा भैंसीपालनको योजना अघि बढाएका छन्', आयोजना प्रमुख राजेश साहले भने, 'यसले मधेसलाई दुधमा आत्मनिर्भर बनाउने हाम्रो अपेक्षा छ ।' यसैगरी मासु उत्पादन प्रयोजनका व्यावसायिककार्य योजना अघि बढेको उनको भनाइ छ । दुधको बजार सुनिश्चित गर्ने क्रेतासँग सम्झौतापश्चात भैंसीपालनको व्यावसायिक कार्य योजना अघि बढेका छन् । भैंसीपालनको कार्य योजना बनाएका समूहका किसानले प्राविधिकको प्रत्यक्ष रेखदेखमा गोठ बनाएका छन् । मुर्रा जातका एउटा भैंसीले कम्तीमा दैनिक २५ लिटरसम्म दुध दिने गरेको छ । 'हामीले पहिले नै दुधको बजार, खरिदकर्ता र मूल्यबारे सहमति गरीसकेका छौँ', सिरहाका किसान दिनेश साहले भने, 'दूधले बजार नपाउला कि भन्ने चिन्ता छैन, हामी ढुक्कसाथ काममा जुट्न पाएका छौँ ।' किसान समूह सबैभन्दा बढी रौतहटमा २४ वटा छन् । एक समूहमा १५ देखि ५० सम्म किसान आबद्ध छन् । यी समूहमा एक हजार ४०० माथि आबद्ध किसान छन् । हाल ती किसानले पालेका भैंसीबाट दैनिक २० हजार लिटर दुध उत्पादन भइरहेको छ । एक किसानले औसतमा मासिक २४ हजार आम्दानी लिने गरेका छन् । आयोजनाले प्रत्येक कार्ययोजनाको कूल लागतमा ४५ प्रतिशत अनुदान दिने र ५५ प्रतिशत समूहले व्यहोर्ने व्यवस्था छ । आयोजनाले यसअघि समूहमा आबद्ध किसानलाई पशुपक्षीसम्बन्धी सेवा दिन अत्याधुनिक सुविधासहितका ३५ वटा एकीकृत सेवा केन्द्र निर्माण गरेर सञ्चालनमा ल्याएको छ । यी सेवा केन्द्र आयोजनाले ९१ करोडमा निर्माण गरिएको हो । यी सेवा केन्द्रबाट माटो परीक्षण, प्राङ्गारिक खेतीका लागि प्रयोगशाला, पशुको गोबर जाँच, उपचार र पशुपक्षीपालनका किसानलाई प्राविधिक सल्लाह सेवा प्रदान गरिँदै आएको छ । रासस

# पंखा खस्दा छात्रा घाइते



**राहुल गुप्ता**
**बारा ।**
बाराको कलैया उपमहानगरपालिका–५ पन्ना देवी कन्या उच्च माध्यमिक विद्यालयको कक्षाकोठामा झुण्ड्याइएको पंखा अचानक खस्दा एक छात्रा घाइते भएकी छन् ।
सोमबार बिहान कक्षा सञ्चालन भइरहेको समयमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीया लक्ष्मी कुमारी साहमाथि पंखा खसेको हो । पंखा खस्दा टाउको र खुट्टामा चोट लागेकी साहलाई तत्काल उपचारका लागि नजिकैको अस्पताल लगिएको विद्यालय प्रशासनले जनाएको छ । विद्यालयका प्राचार्यले घटनाप्रति दुःख व्यक्त गर्दै शैक्षिक संस्थामा आवश्यक मर्मतसम्भार नहुँदा यस्ता घटना दोहोरिन सक्ने भन्दै चिन्ता व्यक्त गरे । उनले आगामी दिनमा विद्यालयको भौतिक पूर्वाधारको नियमित अनुगमन र मर्मतसम्भारमा विशेष ध्यान दिने प्रतिबद्धता पनि जनाए । स्थानीय बासिन्दा र अभिभावकहरुले विद्यालयको लापरवाहीले विद्यार्थीको ज्यान जोखिममा परेको भन्दै तत्काल अनुसन्धान र जिम्मेवार पक्षमाथि कारबाहीको माग गरेका छन् । घटनाबारे इलाका प्रहरी कार्यालय कलैयाले अनुसन्धान अघि बढाएको जनाएको छ ।

# पचरौता नगरपालिकाको बजेट ६५ करोड ३१ लाख




**संजय तिवारी**
**बारा ।**
बाराको पचरौता नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि करिब ६५ करोड रुपैया भन्दा बढिको नीति कार्यक्रम तथा बजेट प्रस्तुत गरेको छ । नगरपालिकाको सभाहलमा सोमवार आयोजित १४औं नगरसभामा वडा नं. ५ का अध्यक्ष तथा प्रवक्ता लक्ष्मी यादवले ६५ करोड ३१ लाख ६६ हजार ९ सय ५२ रुपैयाँको बजेट प्रक्षेपण प्रस्तुत गरेका हुन् । नगर प्रमुख जलंधर सिंह जैसवारको अध्यक्षतामा आयोजित नगरसभामा कृषिमा क्रान्ती, पुर्ण निःशुल्क शिक्षा, स्वास्थ्य सुधार तथा नगरको चौतर्फी विकास लगायतको विभिन्न शिर्षकहरूमा बजेट व्यवस्था गरेको जनाइएको छ । विगतमा विवादै विवादमा अल्झिएको पचरौता नगरपालिकामा यसपालिको नगरसभा शान्त तथा सौहर्दपुर्ण वातावरणमा सम्पन्न भएको छ । नगरसभामा सबै वडाका प्रतिनिधि तथा नगरसभा सदस्यहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

# ढल्केवरमा कबुलियती वन कार्ययोजना कार्यान्वयन गोष्ठी सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको समृद्धिको लागि वन परियोजना अन्तर्गत कबुलियती वन कार्ययोजना कार्यान्वयन सम्बन्धी दुईदिने गोष्ठी धनुषाको ढल्केवरमा सम्पन्न भएको छ । जनकपुरधामस्थित प्रदेश परियोजना व्यवस्थापन इकाईको आयोजना र डिभिजन वन कार्यालय धनुषाको समन्वयमा आयोजित गोष्ठीमा जिल्लाभरका सरोकारवालाहरू, वन उपभोक्ता समूहका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधिहरू तथा वन प्रशासनका अधिकारीहरूको उपस्थिति रहेको थियो । गोष्ठीमा कबुलियती वनको प्रभावकारी संरक्षण, दीर्घकालीन व्यवस्थापन, उपभोक्ताको सहभागिता र परियोजना कार्यान्वयनमा देखिएका चुनौती र समाधानमाथि छलफल गरिएको थियो । सहभागीहरुले कार्ययोजनालाई व्यवहारिक र स्थानीय आवश्यकताअनुरुप परिमार्जन गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने धारणा व्यक्त गरे । गोष्ठीले परियोजनाको उद्देश्य र दृष्टिकोणलाई स्थानीय स्तरमा कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई स्मरण गराउँदै वन स्रोतको न्यायोचित उपयोग, वातावरणीय संरक्षण र समुदायको समावेशीतालाई प्राथमिकतामा राख्ने प्रतिबद्धता समेत जनाएको छ ।

# पटेर्वासुगौलीमा सार्वजनिक सुनुवाइ सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वासुगौली गाउँपालिकामा सोमबार सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ । गाउँपालिकाको आयोजना तथा सृजनशील महिला विकास केन्द्र वीरगंजको समन्वयमा गुदरबाबा मन्दिर परिसरमा सम्पन्न कार्यक्रममा गाउँपालिका उपाध्यक्ष ममता महतोले चालू आर्थिक वर्ष २०८१/८२ मा हालसम्म ८७ वटा साना तथा ठूला योजनाहरू सम्पन्न भएको जानकारी दिइन् । कृषि परियोजनाका लागि सिँचाइ गर्न विद्युतीय तार र पोल जडान, कृषि उत्पादन भण्डारणका लागि दुईवटा कोल्ड स्टोर, कृषि बजारको व्यवस्थापन लगायतका पञ्चवर्षीय योजनाहरू कार्यान्वयन भइरहेको उनले जानकारी दिइन् । शैक्षिक सुधारमा पनि गाउँपालिकाले जोड दिएको छ । 'एक वडा एक माध्यमिक विद्यालय' को लक्ष्यतर्फ काम भइरहेको र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि कारखाना समूहसँगको सहकार्यमा आधारभूत र माध्यमिक तहमा 'खेल्दै सिक्दै' कार्यक्रम सञ्चालनमा ल्याइएको उपाध्यक्ष महतोले बताइन् । भौतिक पूर्वाधारतर्फ ४ नम्बर वडाको वडा कार्यालयको नयाँ सुविधासम्पन्न भवन सञ्चालनमा आइसकेको छ भने केही महिनाभित्रै पालिकाको आफ्नै प्रशासनिक भवन पनि सञ्चालनमा आउने महतोले जानकारी दिइन् ।

# पाँच गोलिया काठसहित फर्निचर व्यवसायी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जिराभवानी गाउँपालिका–१ बसन्तपुर पोष्टबाट पाँच गोलिया बिना इजाजतको काठसहित एक फर्निचर व्यवसायीलाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा सोही गाउँपालिकाका मुकेश साह रहेको प्रहरीले जनाएको छ । अवैध रूपमा काठ ओसारपसार भइरहेको विशेष सूचनाका आधारमा उनलाई नियन्त्रणमा लिइएको हो । घटनापश्चात मुकेश साहलाई छुटाउन आर्थिक चलखेल भइरहेको स्रोतले जनाएको छ । यस सम्बन्धमा जिल्ला वन कार्यालय पर्साले अनुसन्धान शुरु गरेको छ । जिल्ला वन कार्यालय पर्साका वन अधिकृत (डीएफओ) मन्जुर अहमदले हाल घटनाबारे अनुसन्धान भइरहेको र अनुसन्धान पूरा भएपछि मात्रै यस विषयमा थप जानकारी दिन सकिने बताए । उनले अनुसन्धान जारी रहेकाले अहिले नै कुनै निष्कर्षमा पुग्न नसकिने स्पष्ट पारे ।

# महिला संघमा दोहोरिए लिला



**मधेशदृष्टि**
**सप्तरी ।**
नेपाली काँग्रेस निकटको नेपाल महिला संघ सप्तरी क्षेत्र नं २ को क्षेत्रीय अध्यक्षमा पुनः लिला यादव चुनिएकी छन् । संघको सोमवार साँझसम्म चलेको चौथो संसदीय क्षेत्रिय अधिवेशनको बन्द सत्रले लिलाको नेतृत्वमा २७ सदस्यीय निर्विरोध नयाँ कार्य समिति चयन गरेको हो ।

लिला यसअघि पनि अध्यक्ष थिइन् । नवनिर्वाचित समितिको कार्यकाल ४ वर्षको हुनेछ । यसअघि लिलाकै अध्यक्षतामा भएको अधिवेशन उद्घाटन समाहरोमा प्रमुख अतिथी नेपाली काँग्रेस मधेश प्रदेशकी सहमहामन्त्री विन्दु कुमारी यादव, पूर्व प्रदेश सांसद गिता यादव, जिल्ला उपसभापती राम कुमार यादव, सचिव सनत मण्डल, मधेश प्रदेश समिति सदस्य प्रभात कुमार ललन, नितु झा, क्षेत्रीय सभापती महेन्द्र यादव, राजविराज नगर समितिका उपसभापती अनिल यादव, नगर सदस्य रमानन्द देव, नेपाली काँग्रेसको तर्फबाट राजविराज नगरपालिकाको अघिल्लो चुनावमा उपमेयर पदका प्रत्यासी सुशीला यादव, महिला नेतृ ज्ञानु भट्टराई, शान्ति चौधरी, मालती चौधरी, नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज माझी लगायतले शुभकामना दिएका थिए । सो क्रममा पार्टीका अधिकांश नेताले अगामी निर्वाचनमा बहुमत प्राप्त गर्न र जनताको विकासको चाहना पुरा गर्न नेता÷कार्यकर्तालाई एकजुट हुनुपर्नेमा जोड दिएका थिए । निर्विरोध चयन भएपछि सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष लीलाले अघिल्लो कार्यकालको अनुभवको प्रयोग गर्दै महिला संघलाई अझ बलियो बनाउने योजना रहेको प्रतिक्रिया दिइन् ।

यसअघि सप्तरीको प्रदेश सभा २ को (क) मा नितु झा, प्रदेश सभा २ को (ख) मा प्रदेश सांसद निलम रजक तथा राजविराज नगर समितिमा देवरानी दासको नेतृत्वमा २७ सदस्यीय निर्विरोध नयाँ कार्यसमिती गठन गरिसकिएको छ ।

# लाखौँको कपडा बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंज र वीरगंज भन्सार कार्यालयको संयुक्त टोलीले २२ लाख ७१ हजार ९५० रुपैयाँ बराबरको कपडा बरामद गरेको छ । विशेष सूचनाको आधारमा खटिएको संयुक्त टोलीले वीरगंज महानगरपालिका–६ रेशमकोठीस्थित २ नम्बर रोडमा रहेको रमेश अग्रवालको दुईतले पक्की घरको ग्राउण्ड फ्लोरमा संचालनमा रहेको जी.के. ट्रेडर्सको गोदामबाट उक्त कपडा बरामद गरेको हो । गोदामका दुई कोठा भाडामा लिएर लुकाइछिपाई राखिएको अवस्थामा भारतबाट भन्सार छली गरेर ल्याइएका तयारी कपडा भेट्ट, जिन्सको पाइन्ट र टिसर्ट नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्र बहादुर सिंहले जानकारी दिए । उनकाअनुसार बरामद कपडालाई आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको छ ।

# चन्द्रपुरमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा काम प्रभावित

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको चन्द्रपुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा काम प्रभावित भएको छ । प्रमुख प्रशासकीय अधिकृत नहुँदा यस क्षेत्रका सेवाग्राहीले समस्या भोग्नु परेको छ ।
चन्द्रपुर नगरपालिकाका नगरप्रमुख सञ्जय कुमार काफ्लेका अनुसार साढे दुई महिनादेखि प्रमुख प्रशासकीय अधिकृत नहुँदा कार्यालयको कामकाज ठप्प भएको छ । चालु आर्थिक वर्षको भुक्तानी अवधि सकिन २४ दिन मात्रै बाँकी रहँदा समेत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपसचिव नपठाइदिएको कारण सशर्त तर्फका बजेट फ्रीज हुने सम्भावना बढेर गएको नगरप्रमुख काफ्लेले दुःखेसो पोखेका छन् । नगर प्रमुख काफ्लेका अनुसार सशर्त तर्फका केही योजना सम्झौता हुँन बाँकी छन् । सम्पन्न भएका योजनाको भुक्तानी हुन नसक्दा नगरका सेवाग्राहीले समस्या झेल्नु परेको उनले बताए । असार १० गतेभित्र बजेट ल्याउनु पर्ने प्रावधान रहेको थाहा हुँदाहुँदै मन्त्रालयले पालिकामा प्रमुख प्रशासकीय अधिकृत नपठाएका कारण आउँदो आर्थिक वर्षका लागि गरिने नगरसभा समेत अन्यौल भएको नगरपालिकाका उपप्रमुख जयमाला कुमारी चौधरीले बताइन् ।

# स्व. अर्चना गुप्ता महिला सशक्तिकरण स्मृति पुरस्कार पौडेललाई

**मधेशदृष्टि**
**वीरगंज ।**
गैरसरकारी संस्था महासंघ नेपाल पर्साले स्थापना गरेको स्वर्गीय अर्चना गुप्ता महिला सशक्तिकरण स्मृति पुरस्कार यस वर्ष तुलसी पौडेल अधिकारीलाई प्रदान गर्ने निर्णय गरेको छ । पर्साको सखुवाप्रसौनी गाउँपालिका–१ मधुवन मठवल निवासी पौडेले विगत दुई दशकदेखि महिला अधिकार, महिला सशक्तिकरण तथा बालबालिकाको सवालमा अणोदय युवा क्लब महुअवन लगायत विभिन्न संघसंस्थामार्फत सक्रिय भूमिका निर्वाह गर्दै आएकी छन् । संघले गठित छनौट समितिको जेठ ३० गते बसेको बैठकले पौडेललाई इमान्दार र निष्ठापूर्वक समाजमा रहेका विकृति हटाउन अग्रणी योगदान दिएको भन्दै पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो ।

सम्पादकीय

# रास्वपा र राप्रपाको आन्दोलन र सभामुखको संकेत

*राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेताहरुले सोमबार सभामुख देवराज घिमिरेसँग भेट गरेर आफ्ना कुरा राखेका छन् । कार्यबाहक सभापति डोलप्रसाद (डीपी) अर्याल र प्रमुख सचेतक सन्तोष परियारले सभामुखसँग भेट गरेका हुन् । सभामुखको सरकारी निवास बालुवाटारमा भएको भेटमा संसद अवरोधको निकासनबारे छलफल भएको थियो । नेकपा माओवादी संसद अवरुद्ध गर्ने अभियानबाट पछि हटेपछि एक्लैजस्तो परेको रास्वाले संसदमा आफ्नो माग राख्दै नाराबाजी कायम राखेको छ। दुई सातादेखि विपक्षीको अवरोधले संसद् बन्धक भएको, बजेटबारे व्यापक छलफल गर्नुपर्नेबेला संसद् अवरूद्ध हुँदा जनतामा गलत सन्देश गएको सभामुख घिमिरेको जिकिर थियो । विपक्षीले उठाएका मुद्दा गम्भीर भए पनि दुई सातासम्म संसद्लाई सहमतिका लागि रोकेको र अब रोक्ने अवस्था नभएको सभामुखको संकेत पनि थियो । संसद्को नेतृत्वका हिसाबले संवैधानिक सीमालाई पनि ख्याल गर्नुपर्ने उल्लेख गर्दै सभामुखले रास्वपा नेतृत्वलाई असार ५ गतेभित्र प्रतिनिधिसभाबाट विनियोजन विधेयक पठाउन भनेको जानकारी गराएका थिए।*

*समाभुखले रास्वपालाई घुमाउरो पाराले बजेट कुनै पनि हालतमा पास हुने संकेत गरेका थिए । बरु आन्दोलनको स्वरूप बदलेर संवैधानिक सीमा र बाध्यता बुझ्न आग्रह गदै रास्वपाका नेताहरुलाई सभामुखले सरकारसँग संवादका लागि आवश्यक सहजीकरणमा मदत हुने तर बजेट पारित हुने संकेत गरेका थिए । रास्वपाले विपक्षीले उठाएका माग गम्भीर भएको र जनताको वास्तविक समस्या उठाएका उल्लेख दाबी कायम राखेको थियो । कार्यबाहक सभापति अर्यालले माग र मुद्दामा सरकार गम्भीर नभएकाले संसद् अवरोध गर्न बाध्य भएको बताएका थिए । उनीहरुले मुद्दाबाट पछाडि फर्कन सक्ने अवस्थामा नरहेको बताएका थिए। निकासका लागि छलफल र संवादमै भएको भन्दै रास्वपाको अडानमा निरन्तरता रहेको संकेत गरेका थिए।*

*प्रतिनिधिसभाको सोमबारको बैठकमा पनि रास्वपाले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँग मिलेर बहिस्कार गरेको थियो । दुई प्रतिपक्षी दल भिजिट भिसा प्रकरणमा संसदीय छानबिन समिति माग गर्दै विरोधमा उत्रिएका छन् । उनीहरुको आन्दोलनका कारण सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८२–८३ को बजेट माथि छलफल प्रभावित भएको छ । आकस्मिक समयमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले प्रतिपक्ष दलहरुको विरोधकै बीच संसद् अघि बढ्दा आफ्नो दलले बहिस्कार गर्ने बताए । दुई दलले विरोध जारी राख्दा बैठक सञ्चालन गरिनु संसदीय मर्यादाअनुकुल नहुने राप्रपाको पनि तर्क छ । बैठकमा 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९' का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल भएको छ। बजेटमाथिको छलफल जारी छ।*

# असंलग्न आन्दोलनको सान्दर्भिकता



श्रीमन नारायण

कुनै पनि अन्तर्राष्ट्रिय संगठनको वार्षिकोत्सवलाई वैश्विक कुटनीतिको चिन्तनको दृष्टिकोणले शक्तिशाली प्रतिकको रुपमा परिभाषित गर्न सकिन्छ । यसै सन्दर्भमा बागड्रंग सम्मेलनको वार्षिकोत्सवलाई फर्केर हेर्ने हो भने यसको अतीत निकै सान्दर्भिक थियो । वर्तमान अवस्थामा पनि यो सान्दर्भिक सावित हुन सक्दछ तर वर्तमान अवस्थामा यसलाई सबैले बिर्सिदिएका छन् । सन् १९५५ मा यस गुटनिरपेक्ष सम्मेलनको स्थापना भएको थियो । वार्षिकोत्सवको अवसरमा यसलाई स्मरण गर्ने क्षण प्राप्त भएको छ । एसिया र अफ्रिकाका २९ राष्ट्रहरुले शीतयुद्धको चरमकालमा दुई ध्रुवीय विश्व व्यवस्थालाई चुनौती दिँदै एउटा छुट्टै संगठनको स्थापना गर्ने उद्देश्यसहित इन्डोनेसियाको बागड्रंगमा एकत्रित भएका थिए । यसको स्थापनामा भारतका तात्कालीन प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरु, इजिप्टका अब्दुल नासिर, इण्डोनेसियाका सुकर्णो, युगोस्लाभियाका जोसेफ ब्रज टिटोको महत्वपूर्ण भूमिका थियो । नेपाल पनि यसमा शुरुदेखि नै सहभागी रहेको छ।

असंलग्न राष्ट्रहरुको आन्दोलन (ननएलाइड मुभमेण्ट नाम) केबल एउटा कुटनीतिक सभामात्रै थिएन । उपनिवेशवाद र विनाशकारी युद्धको छायाँवाट मुक्त भएर महाशक्तिको दबाब र तानातानबाट मुक्त भएर युवा राष्ट्रहरुको आफनो आकांक्षाको सामूहिक दिनु आवश्यक पनि थियो । उपरोक्त देशहरु आफनो प्रगति र समृद्धिको बाटो आफैं रोज्न चाहन्थे।

गुटनिरपेक्ष अथवा असंलग्न आन्दोलन विश्वको कुनै पनि गुटबाजी भन्दा टाढा बस्ने चाहनासहित अस्तित्वमा आएको थियो । भारतका तात्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरुको दूरदर्शी नेतृत्वको यसमा ठूलो भूमिका थियो । नेपालका तात्कालीन राजाको पनि यसमा सक्रिय भूमिका थियो । शीतयुद्धका बेलामा असंलग्न भएर बस्नु कम चुनौतिपूर्ण कार्य थिएन । त्यतिबेला संयुक्त राज्य अमेरिका र सोभियत संघ ठूलो शक्तिशाली र प्रभावकारी देशको रुपमा थियो । उपनिवेशवादको वादमुक्त देशहरुको निम्ति यो एउटा गतिलो संकेत थियो कि बहुलतावाद र विकास पनि सँगसँगै हुन सक्दछ । राष्ट्रको निर्माणका लागि समावेशी विचारशील लोकतन्त्र अपरिहार्य हुन जान्छ । उपनिवेशवादको विरोध, राष्ट्रहरुको सम्प्रभुता र समानता, शान्तिपूर्ण सहअस्तित्व बहुपक्षीय सम्बन्ध त्यतिबेला असंलग्न राष्ट्रहरुको विदेश नीतिको प्रमुख अंग हुने गर्दथ्यो । उपरोक्त विचारको सान्दर्भिकता अहिले पनि समाप्त भएको छैन।

संयुक्त राष्ट्र संघमा अहिले १९३ राष्ट्र यसका सदस्य छन् । ५७ देशहरु इस्लामिक सहयोग संगठन (आइओसी) सित आवद्ध छन् । ३२ देशहरु अमेरिकी नेतृत्वको नाटोमा सामेल छन् । ८ वटा देशहरु रुससित घनिष्ठ सम्बन्ध बनाएका छन्, रुसको पक्षमा खुलेरै लागेका छन् । २७ वटा देश युरोपेली संघ (युरोपियन युनियन) सित आबद्ध छन् । १ सय २१ वटा देशहरुलाई अहिले पनि असंलग्न अथवा गुटनिरपेक्षता नै मन परेको छ । १ सय ६६ वटा देशहरु विश्व व्यापार संगठन (डब्लुटिओ) का सदस्य छन् । १ सय ८९ वटा देशहरु विश्व बैंकमा अंशियार छन् । १ सय ९१ वटा देशहरु अन्तर्राष्ट्रिय मुद्राकोषका सदस्य छन्।

अष्ट्रेलिया, भारत, जापान र अमेरिकाले मिलेर बनाएको चतुर्भुज सुरक्षा (क्वाड) संगठन पनि सक्रिय नै देखिन्छ । ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकाले मिलेर बनाएको (ब्रिक्स) संगठन पनि आफनो हिसाबले सक्रिय नै छ । यता पूर्वी एशियाली देशहरुको संगठन आशियान र बिमस्टेक पनि सक्रिय नै देखिन्छ तर सर्वाधिक निस्क्रिय अवस्थामा सार्क रहेको छ । भारत, नेपाल, श्रीलंका, पाकिस्तान, भुटान, माल्दिभ्स, अफगानिस्तान र बङ्गलादेश सदस्य रहेको यो संगठन पाकिस्तानको अदूरदर्शिताका कारण सक्रिय छैन । दुईपक्षीय विषयलाई सार्कको मञ्चबाट उठाउन नहुने सार्कको वडापत्रमै उल्लेख छ तर पाकिस्तानले प्रत्येक मन्चमा भारतसँग सम्बन्धित विषयलाई क्षेत्रीय मञ्चहरुमार्फत उठाउँदै आएको छ । भारतले भने आफनो देशमा पाकिस्तान प्रशिक्षित आतंककारीको गतिविधि सञ्चालनमा रहुन्जेलसम्म सार्कमा भारतको भूमिका नरहने संकेत दिँदै आएको छ।

सार्क स्थापनाको उद्देश्य नराम्रो थिएन तर कुनै पनि संस्था अथवा क्षेत्रीय मञ्च, त्यति बेलासम्म मात्रै प्रभावकारी सावित हुन सक्दछ, जब यसका सदस्य राष्ट्रहरु संस्थाको घोषित सिद्धान्त अथवा चार्टरको पालन गर्नेछन्, त्यसको वरिपरी रहेर संस्थाको प्रगतिका लागि काम गर्नेछन् । आफनो देशका जनताको हितको रक्षा, देशको आर्थिक विकास र समृद्धि परस्पर सहयोग र विश्वासको भावना तथा एक अर्काको राष्ट्रिय सम्प्रभुता र स्वाभिमानको रक्षाको भावना रहेसम्म संस्थामा विवादमा हुन सक्दैन । सार्कमा कतिपय राम्रा कामहरु पनि भएका छन् । सार्क सचिवालय अहिले पनि काठमाडौँमा छ । स्वास्थ्यको क्षेत्रमा यस संस्थाले भर्चुअल संवाद पनि गरेको थियो । भारतले स्वास्थ क्षेत्रमा सहयोग पनि गरेको थियो तर दक्षिणी छिमेकी भारतको अभिन्न अङ्गको रुपमा रहेको जम्मु–काश्मिर प्रान्तलाई पाकिस्तानले विवादास्पद बनाउन खोजेपछि भारतले पनि सार्कको सट्टामा बिमस्टेक र आशियान तिर ध्यान केन्द्रित ग¥यो।

शीतयुद्धताका भारतले आत्मनिर्भरताको उद्देश्यले एउटा यस्तो औद्योगिक नीतिको निर्माण गऱ्यो, जो पश्चिमी पूँजीवाद र सोभियत संघको साम्यवाद भन्दा पृथक थियो । एक किसिमले यो वैकल्पिक विकास मोडेल थियो । यसले गर्दा भारतले भौतिक सिमाना भन्दा बाहिरका मित्रराष्ट्रहरुको पनि खुबै समर्थन र सहानुभूति बटुल्ने काम ग¥यो । बौद्धिक रुपमा भारतका विश्वविद्यालयहरुलाई अफ्रिका पश्चिम एशिया र दक्षिण एशियाका छात्रहरुको निम्ति शैक्षिक केन्द्रको हजारौँ होइन कि लाखौँका संस्थामा विदेशी छात्र पढन आउँछन् । आर्य, पूर्वीय अथवा सनातन सभ्यता शुरुदेखि ज्ञानको केन्द्रको रुपमा रही आएको छ । भारतका अनेकौँ विश्वविद्यालय आज पनि ज्ञान, विज्ञान, अनुसन्धान र अन्वेषणको निम्ति विश्व प्रसिद्ध छन् । भारत आफनो यस सप्mट पावरको सकभर उपयोग गर्ने नीति लिएको छ । विश्वव्यापी रुपमा भारतको बढ्दो प्रभाव एउटा महत्वपूर्ण माध्यम सप्mट पावर पनि हो।

दोश्रो विश्वयुद्ध पश्चात सोभियत संघ र संयुक्त राज्य विश्वका दुई प्रमुख शक्तिको रुपमा उदाएको थियो । अमेरिका र सोभियतले आफनो सुरक्षा छाताभित्र विश्वका प्रायः सबैजसो देशलाई ल्याउन खोजेको थियो । विश्वका अनेकौँ देशहरु दुई कित्तामा विभाजित पनि भए तर कुनै पनि गुट अथवा पक्षमा नलागी विश्वमा शान्तिको स्थापना गर्ने र युद्धको वातावरणलाई समाप्त गर्ने अथवा सकभर कम गर्ने उद्देश्यले भारत, युगोस्लाभिया, मिस्र र इजिप्टका शासकले एक ठाउँमा बसी एउटा विकल्पको रुपमा नयाँ संस्था खडा गर्ने निर्णय गरे । असंलग्न राष्ट्र अथवा गुटनिरपेक्ष राष्ट्रहरुको शिखर सम्मेलन सन् १९५५ मा भएको आज सातदशक बितिसकेको छ । सोभियत संघको विघटनसँगै शीतयुद्धको समाप्ति पनि भइसकेको छ । एक किसिमले अमेरिका मात्रै अहिले एउटा पुरानो शक्ति राष्ट्रको रुपमा उपस्थित छ तर अमेरिका पनि अब पुरानो हैसियतमा छैन । अमेरिका र नाटोले चाहँदैमा सबैथोक हुने होइन । चीन, भारत र रुसको भूमिका बिगतको भन्दा प्रभावकारी देखिएको छ । अब चीन र भारत स्वयम् पनि एक–एक गुटको नेतृत्व लिइरहेको अवस्था छ । ग्लोबल साउथमा भारत र चीन नेतृत्वकर्ता भएको छ । अमेरिका अब चाहेर पनि प्रत्येक ठाउँमा हस्तक्षेप गर्न सक्दैन । गुटनिरपेक्षता अथवा असंलग्नताको सिद्धान्त नराम्रो होइन तर विश्व राजनीति यो भन्दा निकै अगाडि बपिसकेको छ । युगोस्लाभिया अस्तित्वमा छैन, इजिप्ट निकै कमजोर अवस्था छ, इण्डोनेशिया पनि अब नेतृत्व गर्ने अवस्थामा छैन । भारतलाई चासो छैन।

# नयाँ बजेटमा युवा नजर



गोविन्द मरासिनी

सरकारले आगामी आर्थिक वर्ष २०८२–८३ का लागि सार्वजनिक गरेको बजेटमा युवा तथा खेलकुद मन्त्रालयका लागि दोब्बर बनाएको विषयले सञ्चारमाध्यम र सामाजिक सञ्जालमा खुबै चर्चा भएको छ । चालु आव २०८१–८२ मा रु तीन अर्ब ५० करोड विनियोजन गरिएकामा आगामी आवका लागि उक्त बजेट बढाएर रु छ अर्ब आठ करोड विनियोजन गरिएको छ । यसरी बजेट बढाएर बजेट विनियोजन गर्दा समेत कुल बजेटको जम्मा ०.३१ प्रतिशत मात्र हुन आउँछ । सामान्यतयाः यसरी विनियोजित बजेटको ८५ प्रतिशत खेलकुद क्षेत्रका लागि हो भने, युवामा १५ प्रतिशत मात्र खर्च हुने गर्दछ । १५ प्रतिशत युवामा खर्च हुने बजेटको थोरै रकम मात्र युवाका गतिविधिमा खर्च हुन्छ।

नेपालको जनगणनाको २०७८ को तथ्याङ्कअनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका युवाको जनसङ्ख्या ४२.५६ प्रतिशत छ । युवाका लागि कार्यक्रमहरु ल्याउनुपर्ने मन्त्रालय खेलकुद मन्त्रालयसँग जोडिएर रहेकाले मन्त्रालयको प्राथमिकतामा युवाभन्दा खेलकुद नै बढी पर्ने गरेको देखिन्छ । झन्डै नेपालको जनसंख्याको आधाको हाराहारी रहेका युवा पिँढीका लागि एकदमै न्यून बजेट विनियोजन गर्ने गरिन्छ।

चालु आवको १० महिनामा मात्र करिब सात लाख नेपाली युवायुवती रोजगारीका लागि विदेसिएको तथ्याङ्क छ । स्वदेशमै रोजगारीको सुनिश्चित नहुँदा यसरी विदेसिनु पर्ने युवाहरुको बाध्यता भएको छ । हुन त युवालाई देशमै रोक्नका लागि राज्यले पनि प्रयास भने गरिरहेकै हुन्छ । वैदेशिक रोजगार विभागको पछिल्लो १० महिनाको तथ्याङ्कअनुसार (साउनदेखि वैशाख मसान्तसम्म) छ लाख ८५ हजार ९२४ जना वैदेशिक रोजगारीमा गएका थिए । त्यसमा महिला ७७ हजार ८५ र पुरुष छ लाख आठ हजार ८३९ जना रहेका छन् । गत आव २०८०–८१ मा सात लाख ४१ हजार ३०२ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए । चालु आवको वैशाखसम्मको तथ्याङ्कले अघिल्लो आवभन्दा यस वर्ष धेरै नेपाली वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता देखाएको छ । विभागको यो तथ्याङ्कमा मौसमी कामका लागि जाने, अवैध बाटो हुँदै तेस्रो मुलुक पुग्ने र रोजगारका लागि भारत जानेको संख्या समावेश गरिएको छैन।

देशमा राम्रो अवसर नहुँदा निराश भएका युवा विदेसिनुपर्ने आम युवाको मात्र नभई समग्र नेपालीकै नियति बनिसकेको छ । यसरी युवा विदेसिनुको मूल कारण नै बेरोजगारी हो । कृषिप्रधान मुलुक भनेर चिनिएको हाम्रो देश नेपालमा दैनिक उपभोग्य बस्तुहरु तेस्रो मुलुकबाट आयात हुने गरेको छ । खेतीयोग्य जमिन बाँझो राखेर युवा खाडी पस्नुपर्ने बाध्यताले समग्र देशको व्यवस्थालाई नै गिज्याइरहेको छ । देशको बल, बुद्धि र बर्कत पलायन हुनुले देशको आर्थिक विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्ने निश्चित छ । सरकारले हरेक वर्ष सार्वजनिक गर्ने बजेटमा युवाको समस्यालाई सही ढङ्गबाट सम्बोधन गर्न चुकेका कारण युवा पलायनको अवस्था बर्सेनि बढ्दै गएको छ । आव २०८२–८३ को बजेट वक्तव्यको उद्देश्य र प्राथमिकतामा उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्वमा वृद्धि, रोजगारीको सिर्जना, आधुनिक प्रविधिको प्रयोग बढाउने उल्लेख गरिएको छ । ती उद्देश्यहरु प्राप्त गर्नका लागि गरिने ठोस कार्यक्रमहरु भने आउन सकेको छैन।

नेपाली युवाहरु विदेसिने अर्को मूल कारण देशमा गुणस्तरीय शिक्षाको व्यवस्था नहुनु हो । हाम्रो देशमा प्रदान गरिने शिक्षा विश्व बजारमा निकै कमजोर रहेको पाइन्छ । यसका कारण विश्व बजारमा प्रतिस्पर्धा गर्ने हाम्रा युवालाई यहाँ प्रदान गरिने शिक्षा र दक्षता विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी परिमार्जन गराउनु अपरिहार्य देखिन्छ । यसलाई सम्बोधन गर्ने उद्देश्यले उच्च शिक्षालाई अनुसन्धान लक्षित बनाइने र अध्ययनका लागि मुलुक बाहिर जाने प्रवृतिमा कमी ल्याउन र रोजगार बजारअनुसारको जनशक्ति बिकास गर्न जोड दिने उल्लेख गरिएको छ । यसलाई सरकारले कार्यान्वयनमा ल्याउन सकेमा भने केही हदसम्म भए पनि नेपालको दक्ष युवा जनशक्तिलाई नेपालमै उपयोग गर्न सकिने छ।

युवालाई परिवार, राज्यप्रतिको दायित्व बोध गराउने, नवीनतम प्रविधि र डिजिटल अर्थतन्त्रको पहुँच र अभ्यास गर्न उत्प्रेरणा जगाउने कार्यमा युवालाई समावेश गर्नुपर्छ । अहिलेको युग सूचना प्रविधिको हो । त्यसैले युवालाई सूचना प्रविधिसँग जोड्न 'युवा र सूचना प्रविधि' तालिम सञ्चालन गर्न सकिन्छ । यसले नेपाली युवालाई विश्वमा जोड्न सकिन्छ । नेपालमा कस्तो खालको प्राविधिक ज्ञान तथा सिपको आवश्यकता परेको छ, त्यसका आधारमा तालिमलाई लक्षित गर्नुपर्छ । यसतर्फ पनि बजेटको प्राथमिकता कम देखिएको आभास हुन्छ । उद्यमशीलतामैत्री शिक्षालाई प्रोत्साहन गर्न विद्यार्थीलाई हप्ताको २० घण्टा कामको न्यूनतम् ज्यालासहित कमाउँदैं पढ्दै कार्यक्रम सञ्चालन गरिने विषयले युवा विद्यार्थीलाई सम्बोधन गरेको भएता पनि उच्च शिक्षाको अध्ययनपश्चात् समेत हजारौं युवा बेरोजगार बस्नु परेको अवस्थामा यसलाई कसरी कार्यान्वयनमा ल्याउन सकिएला भनेर अहिले नै सोच बनाउन आवश्यक छ।

बजेटमा समावेश भएको संस्थागत सामाजिक उत्तरदायित्वको दायरा विस्तार गरी विद्यालय शिक्षाको नतिजा र गुणस्तरको सुधार गरिने नेपालको शिक्षा प्रणालीमा सुधारको अपेक्षा गर्न सकिन्छ । तर, स्नातक तह उत्तीर्ण विद्यार्थीलाई स्वयंसेवक शिक्षकको भूमिकामा परिचालन गर्ने नीति भने त्यति प्रभावकारी र व्यावहारिक देखिन्न । किनकी एक त आजको युवा जमात स्वंयसेवकको रुपमा काम गर्न रुची देखाउँदैन् भने ठूलो युवा जमात स्नातक तह पछि स्नातकोत्तर अध्ययनका लागि विदेश जाने गरेको पाइन्छ।

यस वर्षको बजेटमा युवा जनशक्तिलाई आत्मअनुशासन र सेवा भावका साथ राष्ट्र निर्माणमा परिचालित हुन अभिप्रेरित गर्ने, मुलुकको आर्थिक सामाजिक विकास र सेवा प्रवाहमा युवाको योगदान वृद्धि गरिने बिषय समेत समावेश गरिएको छ । यसले युवालाई देशप्रतिको भावनालाई ओतप्रोत बनाउन सहयोग हुने विश्वास लिइन्छ । यस्तै, राष्ट्रिय युवा परिषद्को समन्वयमा १६ वर्षमाथिका युवालाई निश्चित मापदण्डका आधारमा राष्ट्रिय स्वयंसेवक परिचयपत्र प्रदान गरिने बजेट वक्तब्यमा उल्लेख गरिएको छ । साथै, उनीहरूलाई तालिम तथा प्रशिक्षणबाट योग्य बनाई शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, वातावरण संरक्षण, विपद्मा उद्धार, राहत र पुनस्र्थापनाका लागि परिचालन गरिने भनिएको छ । युवा जनशक्तिलाई राष्ट्र निर्माणमा परिचालन हुन अभिप्रेरित गर्ने र प्रशिक्षण गराई शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, वातावरण संरक्षण, विपद्मा उद्धार, राहत र पुनस्र्थापनाका लागि परिचालन गर्नुलाई सकारात्मक मान्न सकिए पनि युवालाई स्वयम्सेवक परिचयपत्र वितरण गरेर मात्र स्वदेशमै रोक्न सकिएला त ? अर्को प्रश्न उब्जिएको छ । राष्ट्रिय युवा परिषद्को भूमिका र औचित्यमाथि समय–समयमा विभिन्न प्रश्नहरु उठिरहेका समयमा युवा परिषद्लाई खाली स्वयम्सेवक परिचयपत्र प्रदान गर्नका लागि मात्रभन्दा पनि युवालाई अन्तर्राष्ट्रिय स्तरमा दक्ष, सक्षम, नेतृत्वदायी र रोजगारोन्मुख बनाउनप्रति केन्द्रित बनाउनुपर्ने आजको आवश्यकता देखिन्छ।

यस्तै शिक्षित युवालाई उद्यमशील र स्वरोजगार बनाउन शैक्षिक योग्यता, व्यवसाय दर्ता, सीप परीक्षणको प्रमाणपत्र र परियोजना प्रस्तावको आधारमा बिना धितो रु. दुई लाखदेखि बीस लाखसम्म तीन प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेलगायतका घोषणा गरिएको छ । यसले भने रकम अभावका कारण व्यापार, व्यवसाय गर्न नपाएका युवाहरुलाई राहत हुने देखिन्छ । तर, यसको लागि बन्ने मापदण्डले सबै शिक्षित युवालाई समेट्न सक्नुपर्दछ।

युवा लक्षित स्टार्टअप कर्जाका लागि चालु आव २०८१–८२ मा एक अर्ब रुपैयाँ विनियोजन गरिएकामा यो वर्ष उक्त बजेटमा रु २७ करोडले घटाएर रु ७३ करोड मात्र बिनियोजन गरिएको छ । यसरी रु २७ करोड बजेट घट्दा स्टार्टअप र नवप्रवर्तनमा काम गर्न चाहनेलाई निराश बनाउने अवस्था आउने देखिन्छ । बजेट कटौती गर्दा पनि जेन–जी पुस्तालाई उद्यमशीलता र व्यावसायिक बनाउन सरकार, विश्वविद्यालय, निजी क्षेत्रसँगको सहकार्यमा 'इन्कुवेशन सेन्टर' सञ्चालन गर्ने र नवप्रवर्तनमा आधारित स्टार्टअपलाई प्राथमिकता दिइने घोषणाले 'जेन–जी' पुस्तालाई बजेटले केही हदसम्म भए पनि समेट्न खोजेको देखिन्छ । 'इन्कुवेशन सेन्टर' सञ्चालनलाई प्राथमिकता दिई कमजोर 'स्टार्टअप'लाई सहयोग गर्ने विषय कार्यान्वयनमा आएमा नेपालमा 'स्टार्टअप' प्रवद्र्धनमा ठूलै फड्को मार्न सकिने सम्भावना देखिन्छ । छोटो समयमै हुने सरकार परिवर्तन, राजनीतिक अस्थिरता र दाउपेच, चरम भ्रष्टाचार, आफन्तवाद, कमिसनतन्त्रलगायतका समस्याका कारण बजेटमा समावेश भएका युवाका थोरै मुद्दासमेत ओझेलमा पर्ने गरेका छन् । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दभिर्कताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# समयमा पहिचान, समयमै उपचारः क्यान्सर रोगको निदान




**काठमाडौँ ।**
स्तन तथा पाठेघरको मुखको क्यान्सर न्यूनीकरणका लागि परीक्षणलाई तीव्रता दिनुपर्नेमा क्यान्सर रोग विशेषज्ञहरुले जोड दिएका छन् ।

'सुडी समाज काठमाडौँ महिला उपसमिति'द्वारा आयोजित स्तन तथा पाठेघर मुखको क्यान्सरसम्बन्धी निःशुल्क प्रशिक्षण कार्यक्रमका सहभागी क्यान्सर रोग विशेषज्ञहरुले स्तन तथा पाठेघरको मुखको क्यान्सरसम्बन्धी समस्या समयमै पत्ता लाग्ने भएकाले महिलालाई यसप्रति समयमै सचेत हुनुपर्ने आवश्यकतामाथि जोड दिए ।

'स्तन तथा पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनका लागि नियमित परीक्षण आवश्यक रहेको छ,' क्यान्सर रोग विशेषज्ञ डा रीता महासेठले भनिन, 'कम्तीमा १० वर्षदेखि १५ वर्षको अवधि अगाडि नै जानकारी लिन सकिने र परीक्षण गर्न सकिने सुविधा भएकाले महिलालाई सो सम्बन्धी नियमित रूपमा परीक्षणको पहुँचसम्म पुग्ने वातावरण तयार गर्नुपर्छ ।'

स्तन तथा पाठेघरको मुखको क्यान्सरमुक्त समाज निर्माण गर्ने लक्ष्य प्राप्तिका लागि यस्ता सामाजिक संस्थाले यससम्बन्धी थुप्रै कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गर्दै डा महासेठले स्तन क्यान्सरको मुख्य लक्षण स्तनमा गिर्खा आउनु, यस्तो गिर्खा नदुख्ने र बढ्ने खालको हुनु, स्तनको मुन्टा गाडिने, रङ्ग परिवर्तन हुनु, छाला बाक्लो हुनु, मुन्टाबाट पिप वा रगत बग्नु, घाउ निको नहुनु जस्ता समस्या देखिने गरेको छ भनिन ।

पछिल्लो तथ्याङ्कअनुसार नेपालमा प्रत्येक दिन ६ महिलामा स्तन क्यान्सरको पहिचान हुने र प्रत्येक दिन तीन जनाको यही क्यान्सरबाट मृत्यु हुने गरेको छ । विभिन्न अध्ययनले ५० वर्षदेखि ६० वर्षका महिलामा अन्यको तुलनामा बढी स्तन क्यान्सर हुने गरेको देखाएको छ । नेपालमा ४० वर्षदेखि ५० वर्ष उमेर समूहका महिलामा स्तन क्यान्सर धेरै देखिएको तथ्याङ्क छ ।

'पछिल्लो समय महिलामा स्तन क्यान्सरको समस्या बढ्दो छ,' अर्का विशेषज्ञ डा राजीव महासेठले भने, 'स्तन क्यान्सर ठ्याक्कै के कारणले हुन्छ भन्न सकिँदैन । यसमध्ये पाँचदेखि १० प्रतिशत कारण वंशाणुगत पनि हो ।'

स्तन क्यान्सर हुँदा लक्षण ढिलोगरी देखिन सक्छन् । त्यसैले स्तन क्यान्सरलाई समयमा नै पत्ता लगाउने हो भने लक्षणलाई कुरेर बस्नु नहुने उल्लेख गर्दै डा महासेठले ४० वर्षमाथिको उमेरका महिलाले वर्षमा एकचोटि मेमोग्राम गराउने गर्नुपर्नेमा जोड दिए । 'मेमोग्रामको सुविधा नभए अल्ट्रासाउन्ड गराएर हेर्नुपर्ने हुन्छ', उनले भने ।

'बीस वर्षमाथिका महिलाले हरेक वर्ष स्तन परीक्षण गराउनु उपयुक्त हुन्छ । यसरी जाँच गराउने गरे गिर्खा हुनुभन्दा अगाडि नै पत्ता लाग्छ र समयमै उपचार गराउन सकिन्छ', डा महासेठले भने, 'अन्तिम चरणमा रोग पत्ता लागेमा वा जटिल खालको क्यान्सर भएमा उपचार गर्दागर्दै बिरामीको मृत्यु पनि हुन सक्छ ।'

कलिलै उमेरमा विवाह भएका, कलिलै उमेरमा यौन सम्पर्क राख्ने, बढी पुरुषसँग यौन सम्पर्क भएका, बढी सन्तान जन्माएका, खानपिनमा ध्यान नदिने तथा कुपोषण भएका, एचआइभी भाइरसको सङ्क्रमण भएका, पाठेघर अथवा यौनसम्बन्धी बराबर सङ्क्रमण भइरहने महिलामा स्तन तथा पाठेघर मुखको क्यान्सर हुने जोखिम बढी हुने डा महासेठले बताए ।

'योनीबाट फोहोर पानी बग्नु, यौनसम्पर्कपछि रगत देखिनु, महिनावारीको बीचबीचमा रगत देखिनु, महिनावारी सुकिसकेका महिलामा रगत देखिनु, तल्लो पेट दुख्नु जस्ता लक्षण देखिएका महिलामा क्यान्सर हुने जोखिम बढी हुने गर्छ', उनले भने ।

सुडी समाजका अध्यक्ष शीतलप्रसाद महतोले स्तन तथा पाठेघरको मुखको क्यान्सर हुनुभन्दा अगाडिको सावधानीले आर्थिक बोझ र मानव जीवन जोगाउन सक्ने उल्लेख गर्दै स्तन र पाठेघरको मुखको क्यान्सर परीक्षणका लागि समाजमा जनचेतनामूलक कार्यक्रमलाई व्यापक रुपमा विस्तार गर्दै लैजानुपर्नेमा जोड दिनुभयो ।रासस

# उद्यमशिलतामा बढी महिलालाई प्राथमिकता दिनुपर्छः मन्त्री भण्डारी



**मधेशदृष्टि**
**काठमाडौं ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालका महिला तथा युवाहरुले उद्यमशिलतामा नविनता ल्याएर प्रस्ताव गर्यो भने २५ लाखसम्मको सहुलियत पूर्ण कर्जा दिने बताएका छन् ।

सोमबार ललितपूर महानगरपालिकाद्धारा आयोजित चौथो उद्यमी महिला सम्मेलनलाई सम्वोधन गर्दै उनले कानुन अथवा नीति नियमबाट नै उद्यमशिलतालाई प्रवद्र्धन गर्न आवश्यक रहेको भन्दै उद्यमशिलतामा बढी महिलालाई प्राथमिकता दिनुपर्ने बताएका हुन् । उनले ठूला ठूला धुवाँ फाल्ने उद्योगलाई भन्दा साना उद्योगलाई प्राथमिकता दिनुपर्ने बताए । मन्त्री भण्डारीले महिलाहरु उद्यमशिलतामा बढी आकर्षण गर्नुपर्ने र आफ्नो क्षमताबाट आत्मनिर्भर हुनपर्ने समेत बताए । उनले यो आर्थिक बर्ष भित्रै नेपालमा उत्पादन भएका स्रोत साधन देशभर फैलाउने कानुन ल्याउने दाबी गरे । उनले नेपालको उद्योगहरुको समस्या नै अरुमा आधारित हुनु नै नराम्रो पक्ष भएकाले अरुको भर पर्न नहुने बताए । उनले नेपालको लोकल मदिरालाई समेत विदेशमा बेच्ने तयारी गरिरहेको र अब नयाँ मोडालिटीका साथ अघि बढ्ने समेत बताए । उनले भने, 'मुल्याकंन कहाँ हुन्छ भन्दा उत्पादित वस्तुको हुन्छ । आफ्नो उत्पादनको बजारिकरण गर्न आवश्यक छ । उद्यमशिलतालाई प्राथमिकतामा राखेर समस्यालाई समाधान गर्न आवश्यक छ । कानुन अथवा नीति नियमबाट उद्यमशिलतालाई प्रवद्र्धन गर्न आवश्यक छ । यतिबेला नेपालमा आर्थिक पूँजीलाई जसरी प्रवद्र्धन गर्नपर्ने हो त्यो हुन सकेन । ललितपूर महानगरपालिकाले आयोजना गर्दा लगानीको क्षेत्रको बजारिकरण भैइरहेको छ । नेपालको उद्योग क्षेत्र प्रतिस्पर्धामा आउन सकेको छैन । नेपालको उद्योगहरुको समस्या नै अरुमा आधारित हुनु नै नराम्रो पक्ष हो । हामीले ठूला ठूला धुवाँ फाल्ने उद्योगलाई भन्दा साना उद्योगलाई प्राथमिकता दिन आवश्यक छ ।' त्यसैगरी उनले नेपालमा महिलाहरुले उत्पादन गरेको उत्पादनको ट्याक्स फ्रि भनेर महिलालाई प्रोत्साहन गर्नुपर्ने बताए ।

# व्यवहारिक र लागू गर्न सकिने बजेट आएको छः सांसदहरु



**काठमाडौँ ।**
आगामी आर्थिक वर्ष २०८२÷८३ का लागि सरकारले संसदमाा प्रस्तुत गरेको बजेट व्यवहारिक र लागू गर्न सकिने भएको सांसदहरुले सदनमा धारणा राखेका छन् । प्रतिनिधिसभा बैठकमा आगामी आवको राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा भाग लिँदै उनिहरुले बजेटबारे सकारात्मक प्रतिक्रिया दिएका ह्ुन ।

सांसद उदयशम्शेर जबराले आगामी आर्थिक वर्षका लागि विनियोजन गरिएको बजेट व्यावहारिक र लागू गर्न सकिने रहेको बताए । निराश रहेका निजी क्षेत्रलाई उत्साह दिने गरी बजेट आएको उनको भनाइ थियो । स्टार्ट अपका लागि पाँच वर्षका लागि कर छुटले नयाँ उद्यमीलाई उत्साह दिने सांसद राणाले बताए ।

'बजेटमा निर्यात प्रवद्र्धनलाई प्राथमिकता दिनु स्वागतयोग्य कुरा हो', उनले भने । विसं २०८१ असोजमा गएको बाढीबाट ठूलो धनजनको क्षति भए पनि एक खर्ब १९ अर्ब रुपैयाँ पूनःनिर्माणका लागि छुट्याइएको उल्लेख गर्दै उनले उक्त बजेट अपुग रहेको बताए ।

सांसद भगवती चौधरीले बजेटको सन्तुलित, यथार्थपरक र स्रोत सुनिश्चितता तथा सम्भावना र प्रभावकारितालाई केलाउँदै अर्थपूर्ण प्रतिफल आउन सक्ने बताए । 'बजेट कार्यान्वयनमा आउने चुनौती धेरै छन् । बजेट पूर्ण रुपमा कार्यान्वयन गर्न सकारात्मक पहल गर्नुपर्छ,' उनले भने । बजेटले नयाँ पुस्तालाई स्वदेशमा नै अवसर प्रदान गर्नेगरी योजना बनाएको भन्दै सांसद चौधरीले सूचना प्रविधिमा युवा पुस्तालाई आकर्षण गर्ने योजना प्रंशनीय रहेको बताए ।

सांसद नगिना यादवले मुलुकको आर्थिक समस्या समाधान गर्नेगरी बजेट आए पनि कार्यान्वयनमा भने चुनौती रहेको बताईन । 'बहुमतले बलियो बजेट ल्याउन त सक्थ्यो, आर्थिक समस्याबाट मुलुकलाई मुक्त गर्न सकिन्थ्यो । तर, छिटो आर्थिक लाभ दिने किसिमको बजेट आउन सकेको छैन,' उनले भनिन, 'सङ्घीय कानुन बनाएर कर प्रणालीलाई सहज बनाउनुपर्छ ।' मधेश प्रदेशलाई उपेक्षा गरी बजेट विनियोजन भएको उनको आरोप थियो । रासस

# 'ह्विलिङ चार्ज' को विषयलाई चाँडो टुङ्ग्याउन ऊर्जामन्त्रीको निर्देशन



**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले विद्युत् प्रसारण गरेवापत लिने शुल्क 'ह्विलिङ चार्ज'को विषयलाई चाँडो टुङ्ग्याउन विद्युत् नियमन आयोगलाई निर्देशन दिएका छन ।

सोमवार ऊर्जा मन्त्रालयमा 'ह्विलिङ चार्ज'सम्बन्धी भएको छलफलमा मन्त्री खड्काले निजी क्षेत्रलाई प्रसारण लाइन निर्माणमा ल्याइसकेकाले विद्युत् प्रसारण गर्दा लाग्ने 'ह्विलिङ चार्ज' को विषयलाई चाँडो टुङ्ग्याउन निर्देशन दिएका हुन ।

'सरकारले लिएको ऊर्जा विकासका लक्ष्यलाई पूरा गर्न निजी क्षेत्रलाई प्रसारण लाइन निर्माणको बाटो खोलिएको छ, प्रसारण लाइन निर्माण गरेवापतको लाग्ने शुल्क टुङ्ग्याउन नसक्दा काम अगाडि बढ्न सकेको छैन, एक हप्ताभित्र 'ह्विलिङ चार्ज'को विषयलाई टुङ्ग्याउनुहोस', मन्त्री खड्काले भने ।

मन्त्री खड्काले निजी क्षेत्रको सहभागितामा प्रसारण लाइन निर्माण गर्ने निर्णय गरेको लामो समय भइसक्दा 'ह्विलिङ चार्ज' को विषय टुङ्ग्याउन नसक्दा समस्या परेको बताए । रातदिन नभनी 'ह्विलिङ चार्ज' को विषयलाई टुङ्ग्याउनुपर्ने मन्त्री खड्काको भनाइ थियो ।

ऊर्जामन्त्री खड्काले प्रसारण लाइनको अभावका कारण खोलामा उत्पादित विद्युत् खेर गइरहेको र सुक्खा याममा भारतबाट विद्युत् आयत गर्नुपर्ने अवस्था रहेको भन्दै अब त्यसो हुन नदिने गरी काम गर्नुपर्ने बताए ।

बैठकमा विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धिताल र आयोगका सदस्य डा मधुसुदन अधिकारीले प्रसारण लाइनमा 'ह्विलिङ चार्ज'को शुल्कबारे आयोगले अहिलेसम्म गरेको तयारीबारे मन्त्री समक्ष प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका राज्यमन्त्री खमबहादुर गर्बुजा, ऊर्जा सचिव सुरेश आचार्य र मन्त्रालयका सहसचिवलगायत उच्च तहका कर्मचारीको सहभागीता रहेको थियो । रासस

# पर्यटन पूर्वाधारको विकास प्राथमिकतामा छः मन्त्री दाहाल




**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले पर्यटन पूर्वाधार विकास सरकारको उच्च प्राथमिकतामा रहेको बताएका छन । अठारौँ गणतन्त्र दिवसका अवसरमा राष्ट्रिय समाचार समिति (रासस)ले आयोजना गरेको 'पर्वतीय पर्यटनः हाम्रो शान, हाम्रो पहिचान' विषयक तस्बिर प्रदर्शनी सोमवार अवलोकनपछि मन्त्री दाहालले पर्यटन क्षेत्रको विकास र प्रवद्र्धनका लागि पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखिएको बताएका छन ।

'राससले महत्त्वपूर्ण पर्यटकीय स्थलहरूको तस्बिरको सङ्कलन गरेर प्रदर्शनीमा राख्दा खुसी लागेको छ । यसले नेपालको सुन्दरतालाई अझै उजागार गरेको छ,' मन्त्री दाहालले भने, 'राससले आगामी दिनमा पनि यस्तै काम गरोस् । अन्तरराष्ट्रियस्तरमा प्रचारप्रसार गर्न सकेमा अझै पर्यटकीय विकास गर्न सकिन्छ ।'

मन्त्री दाहालले पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास निर्माणको कार्यलाई अगाडि बढाउने क्रममा घना बस्ती भएकालाई पहिलो प्राथमिकता दिइने, जनताले उत्पादन गरेका स्वदेशी वस्तुको बजार प्रवद्र्धन गर्दै बजारसम्म पहुँच स्थापित गर्ने, त्रिदेशीय सम्बन्धलाई जोड्ने सरकारको योजना रहेको बताए ।

'पर्यटन प्रवद्र्धन गर्नेगरी पूर्वाधार विकासलाई प्राथमिकता दिँदा पर्यटकीय आकर्षण बढाउन सकिन्छ र मुलुकको आर्थिक समृद्धि र रोजगार बढाउन सकिन्छ । तसर्थ पर्यटन विकासका लागि सडक, पुलजस्ता पूर्वाधार निर्माणलाई प्राथमिकता दिएको छु,' उनले भने ।

गत जेठ ११ गतेदेखि सुरु भएको प्रदर्शनीमा नेपालका पूर्वदेखि पश्चिमसम्म फैलिएका विभिन्न हिमशृङ्खला, हिमाली जनजीवन तथा प्रमुख पर्यटकीय गन्तव्यसम्बन्धी ९६ तस्बिर राखिएका छन् । रासस

# परराष्ट्रमन्त्रीद्वारा इजरायलमा रहेका नेपालीको अवस्थाबारे राजदूतसँग जानकारी

**काठमाडौँ ।**
काठमाडौं । परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले केही दिनयतादेखि इजरायल र इरानबीच सुरु भएको युद्ध र विकसित परिस्थितिका बारे नेपालका लागि इजरायली राजदूत स्मुलिम एरी बाससँग जानकारी लिएकी छन् ।

सोमबार परराष्ट्र मन्त्रालयमा मन्त्री डा.राणासँग राजदूत बासले इजरायल र इरानबीचको पछिल्लो द्वन्द्व र त्यहाँको पछिल्लो अवस्थाका बारेमा जानकारी गराएका थिए ।

त्यस अवसरमा मन्त्री राणाले त्यहाँ रहेका नेपालीहरुको अवस्थाका बारेमा जानकारी लिँदै उनीहरुलाई पर्नसक्ने आवश्यक सहायता र सुरक्षित अवस्थाका लागि राजदूत बासमार्फत इजरायल सरकारलाई आग्रह गरेकी छन् । त्यस अवसरमा राजदूत बासले हाल त्यहाँस्थित नेपालीहरु सुरक्षित रहेका जानकारी गराएका थिए । आइतबार मात्र परराष्ट्र मन्त्रालयले विज्ञप्ति प्रकाशन गरेर इजरायल र इरानमा रहेका नेपालीहरु सुरक्षित रहेको जानकारी गराएको थियो । पछिल्ला केही दिन इरान र इजरायलबीच विकसित घटनाक्रमका सन्दर्भमा मन्त्री डा. राणाले तेल अभिभ र दोहास्थित नेपाली राजदूतहरुलाई आइतबार टेलिफोन सम्पर्क गरी त्यहाँ स्थित नेपाली नागरिकको सुरक्षामा ध्यानदिन निर्देशन दिएकी थिइन् । मन्त्रालयले दुई देशबीचको द्वन्द्वलाई नजिकबाट नियालिरहेको र त्यहाँ रहेका नेपालीको सुरक्षा सुनिश्चितताका लागि नेपाल सरकारले आवश्यकताअनुसार उपयुक्त कदम चाल्ने सो विज्ञप्तिमा स्पष्ट गरेको थियो ।रासस

# सातै प्रदेशले ल्याए बजेट, कुन प्रदेशको कति ?

**काठमाडौँ ।**

सातवटै प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक आय र व्ययको अनुमान (बजेट) सम्बन्धित प्रदेशसभामा पेस गरेका छन् । कर्णाली प्रदेशले आइतबार मध्यरातमा बजेट ल्याएको छ ।केन्द्र सरकारमा जस्तै प्रदेशमा पनि न्यून राजस्व र स्रोतको चाप व्यवस्थापन मुख्य चुनौतीका रूपमा देखिन्छ । सबैजसो प्रदेशले अघिल्ला आर्थिक वर्षमा खर्च गर्न नसकेर बचत रहेको रकमलाई पनि बजेट स्रोत देखाएका छन् । गण्डकी र मधेस प्रदेशले घाटा बजेट ल्याएर आन्तरिक ऋण उठाउने गरी बजेटको जोहो गरेका छन् । आगामी आर्थिक वर्षमा गण्डकी प्रदेशले रु एक अर्ब ७५ करोड र मधेस प्रदेशले रु दुई अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेका छन् ।







### कर्णाली प्रदेश

प्रतिपक्षी दलको अवरोधका कारण कर्णाली प्रदेशसभा बस्न नसकेपछि वार्षिक राजस्व र व्ययको अनुमान पेस गर्ने कार्यसूची प्रभावित भएको थियो । आइतबार मध्यरातमा प्रदेशसभा बैठक सञ्चालन भएपछि त्यहाँका आर्थिक मामिला तथा योजनामन्त्री राजिवविक्रम शाहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेशसभामा पेस गरे ।

कर्णाली प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार रुपैयाँबराबरको बजेट ल्याएको छ । यो चालु आर्थिक वर्षको बजेटभन्दा करिब पाँच प्रतिशत बढी हो । कूल विनियोजनमध्ये चालुतर्फ सात अर्ब ७९ करोड ९१ लाख एक हजार रुपैयाँ अर्थात् २३.६४ प्रतिशत रहेको छ । पुँजीगततर्फ १९ अर्ब ९८ करोड २७ लाख १३ हजार रुपैयाँ अर्थात् कूल विनियोजनको ६०.५५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ६१ करोड ५० लाख रुपैयाँ अर्थात् कूल विनियोजनको १.६६ प्रतिशत बजेट छुट्याइएको छ । स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ चार अर्ब ५९ करोड ९८ लाख ४१ हजार रुपैयाँ अर्थात् १३.९५ प्रतिशत विनियोजन गरिएको छ ।

उक्त बजेटको स्रोतमध्ये आन्तरिक आयबाट रु ९६ करोड ७४ लाख ११ हजार, चालु आर्थिक वर्ष खर्च हुन नसकी बचत हुने बजेटबाट पाँच अर्ब ६९ करोड ६८ लाख ४४ हजार रुपैयाँ र सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबाट जाने १० अर्ब २७ करोड ३० लाख रुपैयाँ स्रोत व्यहोर्ने अनुमान गरिएको छ । वित्तीय समानीकरण अनुदानबाट रु १० अर्ब ५६ करोड चार लाख, सशर्त अनुदानबाट चार अर्ब ४४ करोड ६० लाख रुपैयाँ, समपुरक अनुदानबाट ५३ करोड ९७ लाख रुपैयाँ र विशेष अनुदानबाट ४९ करोड ४६ लाख रुपैयाँ स्रोत परिचालन गरिने अनुमान छ ।

### सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेशले आगामी आर्थिक वर्ष २०८२÷८३ का लागि ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजार रुपैयाँ को बजेट ल्याएको छ । आइतबार सुदूरपश्चिम प्रदेशसभा बैठकमा आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले आगामी आर्थिक वर्षको बजेट पेस गर्नुभयो । यो प्रदेशले ल्याएको आगामी आर्थिक वर्षको कूल बजेटमध्ये चालुतर्फ रू १० अर्ब २० करोड ८१ लाख ४२ हजार अर्थात् ३०.४९ प्रतिशत, पुँजीगततर्फ १९ अर्ब ८३ करोड दुई लाख छ हजार रुपैयाँ अर्थात् ५९.२५ प्रतिशत र अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत तीन अर्ब ४२ करोड ७७ लाख रुपैयाँ अर्थात् १०.२४ प्रतिशत विनियोजन गरिएको छ । वित्तीय व्यवस्थातर्फ एक करोड रुपैयाँ छुट्याएको छ ।

सुदुरपश्चिम सरकारले आगामी आर्थिक वर्ष २०८२÷८३ का लागि अनुमान गरेको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्व परिचालनबाट एक अर्व ६५ करोडरुपैयाँ, सङ्घ सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने नौ अर्व ८७ करोड २५ लाख रुपैयाँ, सङ्घीय रोयल्टी बाँडफाँट वापत प्राप्त हुने रकम आठ करोड रुपैयाँ लाई बजेटको स्रोत देखाइएको छ । त्यसैगरी सङ्घ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान आठ अर्ब ९२ करोड ५६ लाख रुपैयाँ , चालु आर्थिक वर्ष २०८१÷८२ को विनियोजनबाट बचत हुने अनुमानित रकम सात अर्व ६६ करोड ६३ लाख ४८ हजार रुपैयाँ, सशर्त अनुदानबाट प्राप्त हुने चार अर्व १६ करोड ३० लाख रुपैयाँ, सङ्घीय समपूरक अनुदानबाट प्राप्त हुने ६० करोड २६ लाख रुपैयाँ र विशेष अनुदानबाट प्राप्त हुने ५१ करोड ६० लाख रुपैयाँ लाई आगामी आर्थिक वर्षको व्ययको स्रोत अनुमान गरिएको छ ।

### लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले आइतबार लुम्बिनी प्रदेशसभामा बजेट प्रस्तुत गरे । लुम्बिनीले आगामी आर्थिक वर्षका लागि कूल ३८ अर्ब ९१ करोड रुपैयाँ को बजेट ल्याएको छ । जसमध्ये, चालुतर्फ १२ अर्ब एक करोड ४७ लाख ८६ हजार रुपैयाँ अर्थात् ३०.८८ प्रतिशत र पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार रुपैयाँ अर्थात् ६०.३२ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ तीन अर्ब ४२ करोड ३७ लाख ४९ हजार रुपैयाँ अर्थात् ८.८० प्रतिशत छ ।

लुम्बिनी प्रदेशले आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट सात अर्ब ७८ करोड ४ लाख रुपैयाँ नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट ११ अर्ब ८६ करोड ५६ लाख रुपैयाँ, नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी ४१ करोड ५० लाख रुपैयाँ, स्थानीय तहबाट बाँडफाँड भई प्राप्त हुने राजस्व दुई अर्ब ८२ करोड ९० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । सङ्घ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट आठ अर्ब ४४ करोड ४४ लाख रुपैयाँ, सशर्त अनुदानबाट चार अर्ब ६६ करोड १५ लाख रुपैयाँ, समपुरक अनुदानबाट ५१ करोड ४० लाख रुपैयाँ, विशेष अनुदानबाट ४० करोड रुपैयाँ र चालु आर्थिक वर्षको नगद मौज्दातबाट दुई अर्ब रुपैयाँ परिचालन गर्नेगरी बजेटको स्रोत देखाइएको छ ।

### गण्डकी प्रदेश

आगामी आर्थिक वर्षका लागि गण्डकी प्रदेशले रू ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार बराबरको बजेट ल्याएको छ । आइतबार गण्डकी प्रदेशसभामा आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले आगामी आर्थिक वर्षको आय र व्ययको अनुमान पेस गरे ।

आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्चमध्ये चालुतर्फ १२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार रुपैयाँ अर्थात कूल विनियोजनको ३९.५ प्रतिशत रहेको छ । पूँजीगततर्फ १९ अर्ब नौ करोड ३३ लाख २४ हजार रुपैयाँ अर्थात् कूल विनियोजनको ५९ दशमलव ७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २५ करोड अर्थात कूल विनियोजनको ०.८ प्रतिशत छ । यो प्रदेशले आगामी वर्षमा एक करोड ५४ लाख ५२ हजार रुपैयाँ सञ्चित कोषमाथि व्ययभार हुने अनुमान गरेको छ ।

गण्डकी प्रदेशका लागि आगामी आर्थिक वर्षका लागि छुट्याइएको बजेटको स्रोतमध्ये केन्द्र सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट सात अर्ब ७३ करोड ८९ लाख रुपैयाँ, राजस्व बाँडफाँटबाट नौ अर्ब ७९ करोड २९ लाख ४० हजार रुपैयाँ, रोयल्टी बाँडफाँटबाट ४९ करोड ८९ लाख ७७ हजार रुपैयाँ, सशर्त अनुदानतर्फ तीन अर्ब ३५ करोड ६४ लाखरुपैयाँ, समपूरक अनुदानतर्फ ६३ करोड ९७ लाख रुपैयाँ र विशेष अनुदानतर्फ ४९ करोड ८६ लाख रुपैयाँ प्राप्त हुने गरी स्रोतको अनुमान गरिएको छ । यो प्रदेशले आगामी आर्थिक वर्ष आन्तरिक राजस्व पाँच अर्ब ४५ करोड ८४ लाख ८८ हजार रुपैयाँ उठाउने अनुमान गरेको छ । साथै, चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन पश्चात दुई अर्ब २४ करोड ५० लाख ९४ हजार रुपैयाँ नगद मौज्दात बचत हुने रकमलाई पनि बजेटको स्रोत देखाइएको छ । बाँकी एक अर्व ७५ करोड रुपैयाँ आन्तरिक ऋण उठाउने गण्डकी प्रदेश सरकारको योजना छ ।

### बागमती प्रदेश

बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले आगामी आर्थिक वर्षको बजेट प्रदेशसभामा पेस गरे । बागमती प्रदेशले आगामी आर्थिक वर्षको लागि प्रस्तावित सरकारका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रुपैयाँ बजेट छुट्याएको छ । कूल विनियोजनमध्ये चालुतर्फ २६ अर्ब चार करोड ४६ लाख ९१ हजार र पुँजीगततर्फ ४१ अर्ब ४३ करोड २६ लाख ३६ हजार रुपैयाँ विनियोजन गरिएको छ । कूल विनियोजन मध्ये चालुतर्फ ३८.६० प्रतिशत र पुँजीगततर्फ ६१.४० प्रतिशत हुन आउँछ ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये कर राजस्वबाट २८ अर्ब ८७ करोड ८२ लाख १ हजार रुपैयाँ र अन्य राजस्वबाट ६ अर्ब ७९ करोड चार लाख १३ हजार रुपैयाँ उठाउने लक्ष्य राखेको छ । सङ्घीय वित्तीय हस्तान्तरणबाट प्राप्त हुने १४ अर्ब ८१ करोड ९३ लाख रुपैयाँ, चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र विविध प्राप्तिबाट १६ अर्ब ९८ करोड ९४ लाख १३ हजार रुपैयाँ व्यहोरिने अनुमान गरिएको छ ।

### मधेस प्रदेश

मधेस प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले आइतबार मधेस प्रदेशसभामा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरे ।

यो प्रदेशले आगामी आर्थिक वर्षका लागि कूल ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजारको बजेट ल्याएको छ । कूल विनियोजनमध्ये चालुतर्फ १६ अर्ब ७२ करोड पाँच लाख १७ हजार रुपैयाँ अर्थात् ३५.८९ प्रतिशत र पुँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख ३४ हजार रुपैयाँ अर्थात् ६४.११ प्रतिशत रहेको छ । यो खर्च अनुमान चालु आर्थिक वर्षको बजेटको तुलनामा ६.१३ प्रतिशत बढी हो ।

मधेस प्रदेशको आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट नौ अर्ब ५० करोड ८३ लाख रुपैयाँ स्रोत व्यहोर्ने अनुमान गरिएको छ । सङ्घ सरकारबाट जाने वित्तीय समानीकरण अनुदानबाट सात अर्ब ७२ करोड १९ लाख रुपैयाँ तथा शसर्त अनुदानबाट चार अर्ब २६ करोड १८ लाख रुपैयाँ , विशेष अनुदान बाट ३९ करोड ४५ लाख रुपैयाँ र समपुरक अनुदानबाट ३५ करोड ८२ लाख रुपैयाँ गरी जम्मा १२ अर्ब ७३ करोड ६४ लाख रुपैयाँ बराबर वित्तीय हस्तान्तरणमार्फत जाने रकमलाई आगामी आर्थिक वर्षको बजेट स्रोतका रूपमा देखाइएको छ । सङ्घीय राजस्व बाँडफाँटवाट १२ अर्ब ३५ करोड ८४ लाख रुपैयाँ प्रापत हुने र गत वर्षको नगद मौज्दातबाट १० अर्ब ३८ करोड दुई लाख ५१ हजार रुपैयाँ बराबर स्रोत व्हहोरिने अनुमान गरिएको छ । बाँकी अपुग दुई अर्ब रकम आन्तरिक ऋण उठाएर पूर्ति गर्ने गरी मधेस प्रदेशले बजेट स्रोत देखाएको छ ।

### कोशी प्रदेश

कोशी प्रदेशले आगामी आर्थिक वर्षका लागि ३५ अर्ब ८७ करोड ९९ लाख रुपैयाँ विनियोजन गरेको छ । कूल विनियोजनमध्ये चालुतर्फ १८ अर्ब ६७ करोड ३३ लाख रुपैयाँ अर्थात् ५२ प्रतिशत, पूँजीगततर्फ १७ अर्ब १० करोड ६५ लाख रुपैयाँ अर्थात् ४७.७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १० करोड रुपैयाँ अर्थात ०.३ प्रतिशत रहेको छ । कोशी प्रदेशको यो बजेटको आकार चालु आर्थिक वर्षको बजेटको तुलनामा १.७ प्रतिशतले बढी हो । कूल विनियोजनमा स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणतर्फको रकम चार अर्ब ७० करोड ७२ लाख रुपैयाँ रहेको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोतमध्ये कोशी प्रदेश सरकारको आन्तरिक राजस्वबाट पाँच अर्ब ५० करोड रुपैयाँ, राजस्व बाँडफाँटबाट १२ अर्ब ३९ करोड ६० लाख रुपैयाँ र सङ्घबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट चार अर्ब ९८ करोड ३४ लाख रुपैयाँ लाई बजेट स्रोत देखाइएको छ । सशर्त अनुदानबाट चार अर्ब ५७ करोड १० लाखरुपैयाँ , समपुरक अनुदानबाट ३९ करोड़ १७ लाख रुपैयाँ र विशेष अनुदानबाट ५५ करोड ७२ लाख रुपैयाँगरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा ३२ अर्ब ७४ करोड रुपैयाँ र रोयल्टीबाट प्राप्त हुने रकमबाट ३५ करोड ९९ लाख रुपैयाँ लाई बजेट स्रोत देखाइएको छ ।

बाँकी अपुग रकम नगद चालु आर्थिक वर्षमा खर्च गर्न नसकेको बजेट मौज्दातबाट तीन अर्ब १३ करोड रुपैयाँ ब्यहोर्ने गरी स्रोतको अनुमान गरिएको छ । कोशी प्रदेशसभामा त्यहाँका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले आगामी आर्थिक वर्षको बजेट वक्तव्य प्रस्तुत गरेका थिए । कोशी प्रदेशले आगामी आर्थिक वर्ष ५.३ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य बजेटमार्फत् राखेको छ । रासस

# नेप्से परिसूचकमा सामान्य सुधार

**काठमाडौँ ।**
२ असारः नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । सोमवार नेप्से परिसूचक दुई दशमलव ८० अङ्कले बढेर दुई हजार छ सय ५८ दशमलव ६६ विन्दुमा कायम भएको हो ।

आज तीन सय १८ कम्पनीका तीन करोड ३६ लाख ३७ हजार नौ सय ६६ कित्ता शेयर एक लाख पाँच हजार छ सय ३५ पटक खरिदबिक्री हुँदा रू १३ अर्ब १८ करोड ६९ लाख ४५ हजार सात सय ४२ बराबरको कारोबार भएको छ ।

आजको कारोबारमा वित्त समूह एक दशमलव २२, जलविद्युत् एक, लगानी शून्य दशमलव १३ उत्पादन तथा प्रशोधन शून्य दशमलव ३३ र अन्य समूह शून्य दशमलव प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक चार दशमलव ६९ प्रतिशतले बढेको छ ।

बैंकिङ शून्य दशमलव ४८, विकास बैंक शून्य दशमलव २९, जीवन बीमा शून्य दशमलव १२, लघुवित्त शून्य दशमलव ५९, म्युचुअल फन्ड शून्य दशमलव ३५, निर्जीवन बीमा शून्य दशमलव २५ र व्यापार समूह शून्य दशमलव ०९ प्रतिशतले बढेको छ ।

आजको कारोबारमा पिओर इनर्जी लिमिटेड र पिपुल्स पावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सबैभन्दा धेरै गुमाउनेमा भने अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य सात दशमलव ५८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सानिमा माई हाईड्रोपावर लिमिटेडको रू ९५ करोड १६ लाख २२ हजार छ सय ८७ बराबरको शेयर किनबेच भएको छ । त्यस्तै खरिदबिक्री भएका शेयर संख्याका आधारमा आज सबैभन्दा धेरै हिमालयन ८०–२० को २७ लाख एक हजार आठ सय कित्ता शेयर किनबेच भएको छ ।रासस

# ट्रम्प बिरूद्धको निरन्तर ‘नो किंग्स’ आन्दोलनले अमेरिकामा तनाव




**काठमाडौं ।**
अमेरिका चरित्र पनि आफैमा अद्धितीय रहेको छ।

खासमा संसारलाई लोकतन्त्र सिकाउने स्वयम् अमेरिका भने आजकाल तानाशाहीको आरोपसँगै आन्तरिक संघर्ष गरिरहेका छन् ।

गत आइतवार एकातिर ट्रम्प, उनको पार्टी, उनका समर्थक र सेनाले उत्सव मनाइरहेका थिए भने अर्कोतर्फ देशका हजारौं जनता ट्रम्प विरुद्ध सडकमा उत्रिएर प्रदर्शन गरिरहेका थिए ।

यससँगै लोकतान्त्रिक पार्टीले देशका सर्वोच्च नेतामाथि तानाशाहीको आरोप मात्रै लगाएन, नाराबाजी र देशैभरी प्रदर्शनसमेत गरेका छन् ।

लामो समय पछि फेरि पनि लोकतन्त्र र नागरिक अधिकारको पक्षमा सडकमा अमेरिकनहरूको भीड जम्मा भएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको नीतिहरूमा विशेष गरी आप्रवासीहरू माथिको ज्यादतीको विरुद्धमा शनिबार र आइतवार देशभर व्यापक विरोध प्रदर्शन भएको छ । यी प्रदर्शनहरूलाई ‘नो किंग्स’ आन्दोलनको नाम दिइएको थियो, जुन ट्रम्पको ‘तानाशाही शैली’ विरुद्ध आवाजको रूपमा उभिएको थियो।

प्रदर्शनकारीहरूले ट्रम्पले अमेरिकालाई लोकतन्त्रबाट हटाएर एक व्यक्तिको शासन अर्थात् तानाशाहीतर्फ लैजाँदै गरेको गम्भिर आरोपसमेत लगाएका छन् । अमेरिकाको साना सहर देखि ठूला सहरसम्म हजारौं मानिस सडक, पार्क र चोकमा उत्रिएर ट्रम्पको बिरोध गरेका थिए । उनीहरुले हातमा ब्यानर बोकेर ‘तानाशाही चल्दैन, आप्रवासी अधिकार जिन्दाबाद’ जस्ता नारा लगाएका थिए ।

यस राष्ट्रव्यापी विरोधको प्रतिध्वनि एटलान्टा, फिलाडेल्फिया, शिकागो, अस्टिन, न्युयोर्क र लस एन्जलस जस्ता शहरहरूमा स्पष्ट रूपमा सुनिएको थियो। स्थिति सियाटलमा अझ विशेष थियो, जहाँ स्थानीय प्रशासनका अनुसार ७० हजार भन्दा बढी मानिसहरू एकै पटक सडकमा उत्रेर विरोध प्रदर्शनमा सामेल भएका थिए । आयोजकका अनुसार अमेरिकाका सयौं स्थानमा लाखौं मानिस यस आन्दोलनको हिस्सा बने र ट्रम्प सरकारलाई लोकतान्त्रिक चेतावनी दिएका छन् ।

तर, यी प्रदर्शनका क्रममा केही ठाउँमा हिंसात्मक घटना पनि भएका छन् । लस एन्जलस र पोर्टल्यान्डमा प्रहरीले प्रदर्शनकारीहरूलाई तितरबितर पार्न अश्रु ग्याँसको प्रयोग गरेको थियो। साल्ट लेक सिटीमा प्रदर्शनका क्रममा गोली चल्दा एकजना गम्भीर घाइते भएका छन् ।

साल्ट लेक सिटीका प्रहरी प्रमुख ब्रायन रेडले गोली प्रहार गर्नेलाई नियन्त्रणमा लिइएको तर घटनाको पछाडि कुनै राजनैतिक नियत थियो वा नभएको कुनै कुरा पनि बताएनन । आक्रमणकारी जुलुसमा सहभागी भीडसँगै हिँडिरहेका थिए, जसले यसलाई अझ संवेदनशील विषय बनाएको थियो। एजेन्सी

# इरान हमला पछि नेतन्याहुको छोराको बिबाह रोकियो

**तेल अभिव ।**
गाजामा हमास बिरूद्दको हमला पछि इजरायलले इरानविरुद्ध पनि युद्दको मोर्चा खोलेको छ । पछिल्ला तीन दिनदेखि इजरायलले इरानमाथि द्रुत ड्रोन हमला गरेको थियो भने इरानको मिसाइल हमला पनि सामना गर्नु परेको थियो । जुन हमलामा परी १० जना इजरायलीको मृत्यु भइसकेको छ ।

यसैबिच, इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले इरानसँगको सैन्य द्वन्द्वका बीचमा आफ्नो छोराको तय भएको विवाह अन्तिम समयमा आएर स्थगित गरेका छन् ।

टाइम्स अफ इजरायलको रिपोर्ट अनुसार नेतान्याहुका छोरा अब्नेर नेतान्याहुले सोमबार आफ्ना पार्टनर अमित यार्डेनीसँग विवाह गर्ने कार्यक्रम तय भएको थियो तर अहिले त्यो बैबाहिक कार्यक्रम रोकिएको छ ।

र, केही दिनअघि पनि इजरायली प्रधानमन्त्री र उनको परिवारको निकै आलोचना भएको थियो । वास्तवमा, नेतान्याहु र उनको परिवारका केही तस्विरहरू सामाजिक सञ्जालमा भाइरल भएका थिए, जसमा उनीहरू सबै छुट्टीको मुडमा देखिएका थिए जबकी देश युद्दको चपेटामा परिरहेको छ । गाजामा एकातिर इजरायली नागरिक अझै पनि बन्धकमा छन् भन्ने धेरैले उनीहरूले छुट्टी मनाएको भन्दै तिब्र आलोचना गरेका थिए तर अर्कोतर्फ इजरायली प्रधानमन्त्रीले आफ्नो परिवारसँग छुट्टी मनाउँदै छन्।

उही समयमा जब नेतान्याहु परिवारले छोराका विवाह समारोहको तयारी गरिरहेको थियो, इजरायलले गत शुक्रबार इरानमा आक्रमण ग¥यो। जवाफमा, इरानले पनि सयौं ड्रोन र मिसाइलले राजधानी तेल अभिव, जेरूसलम र हाफिजालगायतमा बिनाशकारी हमला गरेको थियो । एजेन्सी

# बिजुलीबाट मात्रै पनि देशलाई आत्मनिर्भर बनाउन सकिन्छ–अध्यक्ष लिङ्देन



***काठमाडौं ।***

*राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले बिजुली उत्पादनबाट मात्रै पनि नेपाललाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन सकिने बताएका छन । उनले खाडी मुलुकले पेट्रोलियम पदार्थ बेचेर सुखी र सम्पन्न जीवन बिताएजस्तै हामीले पनि विद्युत् निर्यातबाट मात्रै पनि सुख र समृद्धिको अनुभूति गर्न सकिने धारणा राखेका ।*

*गएको संसदीय निर्वाचनमा झापा निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित लिङ्देनसँग राससका समाचारदाता सुशील दर्नालले नेपालको संसदीय अभ्यास, संविधान कार्यान्वयन, संशोधन, सङ्घीय संरचना, युवा पलायन, देशको आर्थिक विकास र सुशासनलगायत समसामयिक विषयमा लिएका अन्तर्वार्ताको सम्पादित अंशः*

**अध्यक्षज्यू, आजभोलि केमा व्यस्त हुनुहुन्छ ?**

–अहिले सङ्घीय संसद्को बर्खे अधिवेशन चलिरहेको छ । यो बजेट अधिवेशन पनि हो । संसद्को गतिविधिसँगै पार्टीको काममा बढी व्यस्त छु ।

**अहिलेको संसदीय अभ्यासलाई कसरी विश्लेषण गर्नुभएको छ ?**

–हाम्रो निर्वाचन प्रणाली र यसले उत्पन्न गरेको जटिलता संसद्ले व्यहोर्नु परेको छ । त्यसमाथि पनि सरकार जिम्मेवारीपूर्वक प्रस्तुत हुन नसक्दा संसद् सुचारु र प्रभावकारी हुन सकेको छैन । जनताको अपेक्षा अनुसारको परिणाम दिन सकेको छैन । सैद्धान्तिक रूपमा संसद् कानुन निर्माण गर्ने थलो हो । थुप्रै विधेयक अलपत्र अवस्थामा छन् । विधेयकहरूको प्राथमिकीकरण पनि गरिएको छैन । दलीय छायाँमा संसद् चलिरहेको छजस्तो लाग्छ । सांसदले आफ्नो विवेक प्रयोग गर्नेभन्दा पनि ठूला राजनीतिक दलले आफ्नो स्वार्थ अनुकूल कानुन निर्माण गर्ने काम भएको छ । सदनमा उठेका राष्ट्रियता र जनताका दैनिक समस्यालाई पनि सरकारले सम्बोधन गरेजस्तो लाग्दैन ।

**संविधान कार्यान्वयनको अवस्थालाई कसरी हेर्नुभएको छ ?**

–हाम्रो पार्टीले संविधानका मूलभूत विषयमा फरक मत राख्दै आएको छ । यो संविधान अपूर्ण छ । यद्यपि, जसले आफूलाई संविधानको पक्षधर भनेका छन्, उनीहरूले नै अहिले संविधान उल्लङ्घन गरेका छन् । संविधान बनाउनेले नै संविधानको मर्म र भावना विपरीत काम गर्दै आएका छन् । संविधानले कुनै पनि दर्शन र विचारलाई निशेध गरेको छैन । तर, सत्ता सञ्चालकले नै निषेधको राजनीतिलाई प्राथमिकता दिँदै बहुमतको बल प्रयोग गर्ने ढङ्गले अगाडि बढेको देखिन्छ ।

**संविधान अपूर्ण छ भन्नुहुन्छ, तर तपाईंहरू यही संविधानको अभ्यासका आधारमा सांसद बन्नुभएको होइन र ?**

–संविधानले राजनीतिक दल खोल्न पाउने सुविधाबाट कसैलाई पनि वञ्चित नगरिने भनेको छ । राजनीतिक दल खोलेपछि दलले आफ्नो दर्शन र मान्यता प्राप्तिका लागि प्रचार÷प्रसार गर्न पाउनेछ । संविधानले सभा र जुलुस गर्न नपाउने कुनै पनि कानुन बनाउन पाइने छैन भनेको छ । सबै व्यक्तिले एउटै राजनीतिक विचार धारा वा दर्शन मान्नुपर्छ भन्ने छैन । त्यसैले हामीले राखेको एजेन्डा संविधान विपरीत छैन ।

**संविधान संशोधन कुन–कुन विषयमा गर्नुपर्ने आवश्यकता देख्नुभएको छ ?**

–समावेशी÷समानुपातिक जस्ता संविधानका केही सकारात्मक पक्ष छन् । हामीलाई २००७ सालको परिवर्तनले प्रजातन्त्र, २०४६ सालले बहुदलीय व्यवस्था र २०६२÷६३ को परिवर्तनले समावेशी÷समानुपातिकता दिएको छ । यी तीनवटा उपलब्धिलाई नकार्न सकिँदैन । यी सकारात्मक विषयलाई कायम राख्दै अरू थुप्रै विषय संशोधन गर्नुपर्ने छ । जस्तोः राज्य संरचना, निर्वाचन प्रणाली, नियुक्ति प्रणालीमा आमूल परिवर्तन गर्नुपर्नेछ । प्रदेश सरकारका बारेमा पनि पुनःविचार गर्नुपर्छ । शिक्षा र स्वास्थ्य पूर्ण रूपमा निःशुल्क हुनुपर्छ । सम्पूर्ण संवैधानिक नियुक्ति दलीयभन्दा पनि योग्यता र क्षमताका आधारमा हुने व्यवस्था गर्नुपर्छ । यी सबै कुराको व्यवस्था संविधानमै गरिनुपर्छ ।

**अबको निर्वाचन प्रणाली कस्तो हुनुपर्छ ?**

–अहिलेको निर्वाचन प्रणाली अत्यन्त भद्दा छ । एउटा सानो निर्वाचन क्षेत्रबाट जितेको मानिस प्रधानमन्त्री हुने व्यवस्था छ । प्रधानमन्त्री सिङ्गो देशप्रतिभन्दा पनि एउटा सानो निर्वाचन क्षेत्रप्रति मात्रै केन्द्रित भएको देखिन्छ । यसको अन्त्य नगरेसम्म समग्र देशको प्रधानमन्त्री हुन सक्दैन । त्यसकारण प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री हुने निर्वाचन प्रणाली हुनुपर्छ । यी सबै कुरा गर्दै जाने हो भने देशलाई सुधार गर्दै स्थिरतातर्फ लैजानुपर्छ । प्रधानमन्त्री दुई कार्यकालभन्दा बढी हुन नपाउने व्यवस्था गर्नुपर्छ । सांसदले मन्त्री हुन नपाउने व्यवस्था हुनुपर्छ ।

**देशमा सुशासन कायम गर्न के गर्नुपर्छ होला ?**

–अहिले देशको मुख्य समस्या नै सुशासन हो । सुशासनसँग जोडिएको भ्रष्टाचारको विषय मानिसका लागि सामान्य र परम्परा जस्तो भयो भन्नेमा कसैको असहमति छैन । भ्रष्टाचार गर्नु के नयाँ विषय भयो र भन्ने मानिसमा पर्न थालेको छ । अहिले भ्रष्टाचार कहाँ छ भनेर खोज्नेभन्दा पनि भ्रष्टाचार कहाँ छैन भनेर खोज्नुपर्ने स्थिति भयो । भ्रष्टाचार मुख्यगरी राजनीतिक नेताले नै गरेका छन् । अख्तियार र अदातलले राम्रो काम गरेका छैनन् भन्ने होइन । तर, भ्रष्टाचारीलाई कारबाही गर्ने निकाय अख्तियार र अदालतमा राजनीतिक भागबन्डाका आधारमा नियुक्ति हुने गरेको छ । अनि आफूलाई नियुक्त गर्ने दलको नेतालाई अख्तियार र अदालतले कसरी कारबाही गर्न सक्छ ? त्यसकारण समस्या हाम्रो नियुक्ति प्रणालीमा छ । निर्वाचन प्रणालीमा छ । हाम्रो निर्वाचन प्रणाली खर्चिलो भयो । त्यसले भ्रष्टाचारलाई बढावा दिएको छ । यति सानो देशमा यति धेरै जनप्रतिधिको सङ्ख्या पनि आवश्यक छैन । जनप्रतिनिधि मात्रै होइन हामीले कर तिरेर पूर्वराष्ट्रपति, उपराष्ट्रपतिलाई समेत तलब खुवाउनु परेको छ । विदेशीसँग ऋण लिएर तलब दिन परेको छ । त्यसकारण यी सबैमा हामीले व्यापक रूपमा परिवर्तन गर्नुपर्ने छ ।

**देशको युवा पलायनलाई कसरी हेर्नु गर्नुभएको छ ?**

–मैले पछिल्लो समयमा आर्थिक रूपमा प्रगति गरेका धेरै देशको भ्रमण गरेँ । युवाको रोजगारदाता कसरी धनी भए भनेर देख्ने र बुझ्ने अवसर पाएँ । हाम्रो देशभन्दा प्राकृतिक स्रोत÷साधन र सम्भावनाको हिसाबले अत्यन्तै जटिलतामा रहेका देशले पनि धेरै ठूलो प्रगति गरेका छन् । त्यो प्रगति नेतृत्व, दूरदृष्टि र प्रणालीमा सुस्पष्टता नै हो । हाम्रो देशमा अथाह सम्भावना छ । दुनियाँ बन्ने, हाम्रो देश मात्रै बन्न नपर्ने कुनै कारण छैन । हाम्रो देशमा पनि राम्रो नेतृत्व हुने र इमान्दारिताका साथ काम गर्ने हो भने ५÷१० वर्षभित्रैमा देश बनेको देख्न सकिन्छ । त्यसका लागि प्रणाली पनि ठीक हुनुप¥यो ।

**देशलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन के गर्न सकिन्छ ?**

–नेपाल ऊर्जामा अथाह सम्भावना भएको देश हो । यसको मात्रै ठीक ढङ्गले उपयोग गर्न सकियो भने धेरै गर्न सकिन्छ । जलस्रोतबाट विद्युत् उत्पादन गर्न सक्छौँ । जसरी अरबियन देशले पेट्रोलियम पदार्थबाट सुखी र सम्पन्न जीवन बिताइरहेका छन्, त्यसरी नै विद्युतीबाट नेपाली नागरिकले सुखको अनुभूति गर्न पाउँछन् । अहिले हामीले तीन हजार मेघावाट बिजुली उत्पादन गरेका छौँ । हाम्रो क्षमता ८३ हजार मेगावाट भन्छौँ । तर, म भन्छु एक लाख भन्दा बढीको क्षमता छ । त्यसकारण हामीले बिजुलीलाई उच्च प्राथमिकतामा राखेर लगानी गर्नुपर्छ । लगानीको निमित्त सबैलाई आमन्त्रण गर्ने र हामी इमान्दार बन्ने हो भने देशलाई आर्थिक रूपमा सम्पन्न बनाउन सकिन्छ । अधिक बिजुली उत्पादन गर्ने हो भने चाँडै पेट्रोलियम पदार्थलाई विस्थापित गर्न सकिन्छ । गाडीहरू बिजुलीबाट चल्न सुरु हुन्छ । भान्सा ग्यासले होइन, बिजुलीले चल्न थाल्छ । सँगसँगै पर्यटनको सम्भावना पनि त्यतिकै छ । अझै धार्मिक पर्यटनबाट देशको आर्थिक विकास गर्न सक्ने धेरै सम्भावना छ ।

**नेपालमा कृषिको विकास र आत्मनिर्भर कसरी बनाउन सकिन्छ ?**

–कृषिमा धेरै सम्भावना छ । हामीले कृषिलाई आधुनिकीकरण गर्न सकेका छैनौँ । अहिले ६० प्रतिशतभन्दा बढी मानिस कृषिमा संलग्न छन् । तर, हाम्रो उत्पादनले खान पनि पुग्दैन । नेपालले फलफूल, तरकारी र अन्य खाद्यान्न अर्बौंको आयात गरिरहेका छौँ । तर, इजरायल जहाँ तीन प्रतिशत मानिस मात्रै कृषिमा संलग्न छन् तर निर्यात गर्छन् । हामीले हाम्रो कृषिलाई प्राथमिकतामा राख्न सकेका छैनौँ । साँढे तीन दशक भयो ठूला दलहरूले देश चलाएको । तर, एउटा मल कारखानाको स्थापना हुन सकेको छैन । किसानले पैसा तिरेर मल खरिद गर्न पाएको छैन । हामीले कृषिमै राम्रो गर्न सक्ने हो भने ४० हजार तलबका लागि युवा विदेसिनु पर्दैन ।रासस

# सूचना प्रविधि क्षेत्रको विकासका लागि तीन तहको सरकारबीच सहकार्य जरुरीः मन्त्री गुरुङ

**काठमाडौँ, ।**

सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले सूचना प्रविधि क्षेत्रको विकासका लागि तीन वटै तहका सरकारबीच सहकार्य जरुरी रहेको बताएका छन ।

मन्त्रायले सोमवार राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस–२०८२ को समीक्षा तथा प्रशंसा–पत्र वितरण कार्यक्रममा मन्त्री गुरुङले सूचना प्रविधिको विकास स्थानीय तहसम्मै व्यापक हुनुपर्नेमा जोड दिए ।

उनका अनुसार आइटी दिवसलाई सरकारले उत्सवका रुपमा मनाउनुपर्ने र युवा पुस्तालाई जति सक्दो प्रोत्साहित गर्ने कार्यक्रम ल्याउन आवश्यक रहेको बताए । ‘यो दिवस देशभर उत्सवका रुपमा मनाउनुपर्छ, नयाँ जनशक्तिको हौसला बढाउनका लागि थप गतिविधिहरु बढाउन आवश्यक छ’, मन्त्री गुरुङले भने ।

नेपाल सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले सरकारले डिजिटल नेपाल फ्रेमवर्क(डिएनएफ)को मस्यौदा अन्तिम चरणमा रहेको उल्लेख गरे । ‘सरकार सूचना प्रविधि क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार निर्माणमा तयार छौँ, यसका लागि निजी क्षेत्रको सहकार्य जरुरी छ ।’

मन्त्रालयका सचिव राधिका अर्यालले आइटी क्षेत्रमा युवा प्रोत्साहन गर्न मन्त्रालयले आइटी इन्टर्नसिपका लागि बजेट नै छुट्याएको बताए ।

कार्यक्रममा सहभागी सरोकारवालाले प्रदेश र स्थानीय तहको सहकार्यमा यस क्षेत्रको विकास गर्न सुझाव दिए ।रासस

# अख्तियारबाट विभिन्न मुद्दामा आरोप पत्र दायर र सर्वोच्चमा पुनरावेदन

**मधेशदृष्टि**
**काठमाडौँ ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दामा विभिन्न व्यक्तिहरुविरुद्ध आरोप पत्र दायर साथै सर्वोच्च अदालतमा पुनरावेदन समेत गरेको छ ।

सोमबार अख्तियारले डिभिजन वन कार्यालय, राप्ती मनहरीमा कार्यरत डिभिजनल वन अधिकृत दीर्घ नारायण कोईरालालाई गैरकानूनी सम्पत्ति आर्जन गरेकोले विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ ।

त्यसैगरी आयोगले तिलाठी कोईलाडी गाउँपालिका, सप्तरीमा तत्कालीन सव–इन्जिनियर करारमा कार्यरत दिपेन्द्र कुमार उपर शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र सम्बन्धी आरोपपत्र दायर गरेको छ । त्यस्तै मालपोत कार्यालय कोहलपुर, बाँकेका खरिदारद्धय हरिचन्द्र पाण्डे, रतन बहादुर जि.सी., लेखापढी व्यवसायी गर्ने शान्ती पुन र घनश्याम तिवारी सहित चारजना उपर सेवाग्राही सँग घुस÷रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर भएको छ ।

यसै क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट डिभिजन वन कार्यालय जलेश्वर, महोत्तरीका तत्कालीन डिभिजनल वन अधिकृत हेमन्त प्रसाद साह, तत्कालीन सहायक वन अधिकृत लक्ष्मण प्रसाद यादव समेतका प्रतिवादीहरु विरुद्ध जिल्ला महोत्तरी, रम्तेलडाँडा सामुदायिक वन क्षेत्रको बिभिन्न रुखहरु व्यक्तिलाई लाभ हुने गरी कटान गरेको पुष्टि भएकोले भ्रष्टाचार मुद्दामा अदालतले पुनरावेदन गरेको छ ।

# बजेट मन्त्रालयको कब्जामा परेको जस्तो देखिन्छः प्रकाश ज्वाला




**मधेशदृष्टि**
**काठमाडौं ।**

नेकपा एकीकृत समाजवादीका सांसद तथा पूर्व भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले संसदको वर्तमान सञ्चालन शैलीप्रति गम्भीर प्रश्न उठाएका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा बोल्दै उनले प्रतिपक्ष दलका मान्यहरुले वेल घेराउ र नाराबाजी गरिरहेका बेला संसद चल्नु आफैंमा दुखद पक्ष भएको बताएका हुन् ।

उनले भने, ‘मलाई एउटा कुरा अनौठों लागेको छ । वास्तवमा संसदमा प्रतिपक्ष दलका मान्यज्यूहरु वेल घेराउ र नाराबाजीमा हुनुहुन्छ । यता हामीले संसद चलाईरहेका छौं । यो कस्तो परम्परा हामी बसाल्दै छौं । मलाई अचम्म लागेको छ हाम्रो नियमावली र हाम्रो संसदीय अभ्यासले यो खालको तरिकाले संसद चलाउनुलाई एउटा दुखद पक्षको रुपमा लिन सकिन्छ ।’

त्यस्तै, सांसद ज्वालाले बजेट छलफलप्रति पनि असन्तुष्टि जनाउँदै सौद्धान्तिक छलफल अघि नबढ्दै मन्त्रालयगत बजेट पुस्तक वितरण गरिनु गलत भएको बताए ।

‘यसले सौद्धान्तिक छलफल रुमलिएको छ,’उनले भने, ‘अब छलफल त्यता केन्द्रित हुने अवस्था छ । सहरी विकास मन्त्रालयको मात्र कुरा गर्दा पनि बजेट सरकारका केही मन्त्रीहरूले एकलौटी रूपमा कब्जा गरेको जस्तो देखिन्छ ।’

उनले मन्त्री र नेताका बुवाआमाको नाममा, पार्टी र जनसंगठनका कार्यालय निर्माणका लागि अरबौं रुपैयाँ विनियोजन गरिएको बताए ।

‘उनले भने, ‘वास्तवमा हामी यो बजेटको सौद्धान्तिक छलफलमा छौं । सौद्धान्तिक छलफल अगाडि नबढ्दै मन्त्रालयगत पुस्तकहरु वितरण गरिएका छन् । जसले गर्दाखेरि यो सौद्धान्तिक छलफल पनि एक किसिमले रुमलिएको छ । अब चाँही छलफल त्यता केन्द्रित हुने अवस्था छ । जस्तो सहरी विकास मन्त्रालयको मात्रै कुरा गर्दाखेरी यो बजेटलाई सरकारका मन्त्रीहरुले एकलौटि कब्जा गरेको जस्तो देखिन्छ । मन्त्री र नेताका बुवाआमाका नाममा, पार्टी र जनसंगठनका पार्टी कार्यालय बनाउन अरबौं रकम बाँडिएको छ । तर दुर्गम जिल्लाहरुमा स्वास्थ्य चौकी, खानेपानी जस्ता आधारभूत आवश्यकताहरुमा बजेट नभएर जनताहरु छटपटाइ रहेका छन् ।’

सांसद ज्वालाले बजेट निर्माणको प्रक्रियामा देखिएको पक्षपाती रवैयाको विरोध गर्दै जनताको प्राथमिकतालाई केन्द्रमा राखेर बजेट बनाइनुपर्ने माग गरे ।

# 'सफा र हरित शहर' बनाउने सपना सरकारी उपेक्षामा अवरुद्ध

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'सफा र हरित शहर सबैको रहर' भन्ने नाराका साथ आठ वर्षदेखि निजी लगानीमा जनकपुरधाममा सञ्चालन हुँदै आएको साझा अभियान अहिले निराश र आक्रोशित बनेको छ । यो अभियानले लाखौंको व्यक्तिगत लगानी र अथक परिश्रमका साथ फोहोरमैला व्यवस्थापनदेखि वृक्षारोपण, पुनः प्रयोग र रिसाइक्लिङ, सार्वजनिक जनचेतना अभिवृद्धि लगायतका विविध प्रयास गर्दै आएको छ । तर, यिनै प्रयासलाई स्थानीय सरकारको चासो र समर्थन नपाउँदा निरन्तर उपेक्षित र अपमानित महसुस गर्नुपरेको अभियानकर्ता दीपु ठाकुर बताउँछन् । जनकपुरधामको झण्डै २.१५ लाख जनसंख्या र करिब ५० हजार घरधुरीबाट निस्कने तीन प्रकारका फोहोर कुहिने, नकुहिने र हानिकारक फोहोरलाई स्रोतमै छुट्याउने र वैज्ञानिक ढंगले व्यवस्थापन गर्ने उद्देश्यले यो अभियान शुरु गरिएको थियो । यो उद्देश्य पूरा



गर्न अभियानकर्ता ठाकुरले निजी लगानीमा नेपालकै पहिलो निजी इन्जिनियरिङ ल्यान्डफिल साइट निर्माण गरे । सो केन्द्रमा सेग्रीगेशन मेसिन (फोहोर छुट्याउने यन्त्र), अफिस, टहरा, सडक, बिजुली, घेराबार लगायत पूर्वाधार बनाइसकिएको छ । कुहिने फोहरबाट प्रांगारिक मल उत्पादनसमेत ट्रायलको रूपमा सफलतापूर्वक गरिएको छ । अभियानले पब्लिक प्राइभेट पार्टनरशिपअन्तर्गत वैज्ञानिक ढंगले फोहोरमैला व्यवस्थापन गर्न करोडौं रुपैयाँ लगानी गरिसकेको छ । तर, जनकपुरधाम उपमहानगरपालिकाले अझैसम्म पनि साझा प्रस्ताव आह्वान नगरेको अभियानकर्ता ठाकुरको गुनासो छ । उनले भने, 'यस अवधिमा कार्यविधि निर्माणदेखि डिटेल्ड प्रोजेक्ट रिपोर्ट तयार गर्ने कामसम्म हामीले निजी खर्चमै गरिसकेका छौं । विराटनगर, इटहरी, दमक र धरानजस्ता शहरको फोहोर व्यवस्थापन प्रणाली अध्ययन गर्नसमेत निजी खर्चमै टोली पठाइएको थियो । तर, पटक–पटक नगरप्रमुखलाई भेटेर गुहार्दा पनि कुनै सुनुवाइ भएन । बरु उल्टै अपमानित हुनुपर्यो ।' अभियानअन्तर्गत जनकपुर–जलेश्वर हाइवे, पिपरा, जलेश्वर क्षेत्रमा वृक्षारोपण गरिएको छ । त्यो अहिले हरियालीको प्रतीक बनेका छन् । यसैगरी चारवटै सुरक्षा निकाय, नागरिक समाज, पत्रकार, अभियन्ता लगायतको सहयोगमा हजारौं स्वच्छता अभियानहरू सञ्चालन गरिएको छ । फोहोरबाट मल उत्पादन गरी कृषकलाई सुलभ मूल्यमा उपलब्ध गराउने, त्यो मल प्रयोग गरेर स्थानीय आर्गेनिक उत्पादन प्रवद्र्धन गर्ने, तिनै उत्पादन स्थानीय बजारमा पुर्याउने जस्ता एकीकृत चक्रको सपना देखेको अभियानी ठाकुर बताउँछ । उनले यसैमार्फत रोजगारी सिर्जना, गौ रक्षा, छाडा चौपायाको व्यवस्थापन र आर्थिक समृद्धिको आधार निर्माण गर्न सकिने विश्वाससमेत व्यक्त गरेका छन् । ठाकुर भन्छन्, 'हामीलाई सरकारी तहले कहिले मेयरको घरमा, कहिले उपमहानगर कार्यालयमा धाउनु पर्यो । १५÷२० पटकभन्दा बढी गुहार गरियो । तर, हामीलाई पागल ठानियो, सहयोग नभइ उल्टै अपमानित गरियो ।' ठाकुरले बिना पारिश्रमिक, बिना सरकारी अनुदान जनकपुरधामका फोहोर व्यवस्थापनको नमुना देखाउन सक्ने क्षमता राख्ने दाबी गर्छन् । उनी भन्छन्, 'हामीलाई केवल ६ महिना जिम्मा दिनुस्, परिवर्तन प्रत्यक्ष देख्नुहुनेछ ।'

# लगातार दोस्रो पटक मधेशकै पहिलो बन्यो गौर प्रादेशिक अस्पताल



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गौरस्थित प्रादेशिक अस्पतालले सरकारी सेवा स्कोरिङमा ९१ प्रतिशत अंक प्राप्त गर्दै मधेश प्रदेशभरिमा लगातार दोस्रो पटक शीर्ष स्थान हासिल गरेको छ । तीन महिनाअघि सम्पन्न स्कोरिङमा ८९ प्रतिशत अंकका साथ पहिलो बनेको गौर अस्पतालले यसपटक २ अंकले सुधार गर्दै पुनः आफ्नो अग्रता कायम राख्न सफल भएको हो । एसएस स्कोरिङको सार्वजनिक कार्यक्रममा अस्पतालका अध्यक्ष मो. अनवर हाशमीले गौर अस्पतालको पूर्व अवस्था स्मरण गर्दै यसलाई 'रेफर अस्पताल'को संज्ञा दिँदै आएका दिनहरू अब इतिहास बनेको बताए । उनका अनुसार, 'पछिल्लो तीन वर्षको अवधिमा मेडिकल सुपरिटेन्डेन्ट डा. मुरारी ठाकुरको कुशल नेतृत्वमा अस्पतालले उल्लेखनीय प्रगति गर्दै आठौँ स्थानबाट लगातार दुई पटक पहिलो बन्न सफल भएको हो ।'

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी विनोद कुमार खड्का, प्रहरी उपरीक्षक नेत्रमणि गिरी, स्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश कुमार सिंह, लेखापाल जितेन्द्र यादव, एसएस स्कोरिङ टोली तथा स्थानीय पत्रकारको उपस्थिति रहेको थियो ।

मेडिकल सुपरिटेन्डेन्ट डा. ठाकुरले अस्पतालको सेवा गुणस्तरमा निरन्तर सुधार, व्यवस्थापनमा पारदर्शिता, समयमै औषधि तथा उपकरणको उपलब्धता र बिरामीलाई केन्द्रमा राखेर गरिएको कामकै कारण अस्पताल प्रदेशभरिबाट पहिलो बन्न सफल भएको बताए । गौर अस्पतालको निरन्तर सफलता प्रदेश सरकारका लागि प्रेरणा र उदाहरणीय मोडेल बन्ने विश्वास स्वास्थ्यकर्मीहरूले व्यक्त गरेका छन् ।

# बागमती नगरपालिकाका निलम्बित मेयर थापा ५० लाख धरौटीमा रिहा



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिकाका निलम्बित प्रमुख भरतबहादुर थापा ५० लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका छन् । थापामाथि अवैध रूपमा नदीजन्य सामग्री उत्खनन गरी वन पैदावारमा क्षति पुर्याएको, वन ऐन उल्लङ्घन गरेको र वातावरणीय विनाशमा संलग्न रहेको आरोप लागेको छ । जिल्ला अदालत सर्लाहीका न्यायाधीश जीवनकुमार भण्डारीको इजलासले आइतबार थुनछेक बहसपछि थापालाई धरौटीमा रिहा गर्ने आदेश दिएको हो । अदालतमा सोही दिन हाजिर भएका थापाले आदेशअनुसार ५० लाख रुपैयाँ धरौटी बुझाएर छुटेका हुन् । थापाविरुद्ध ४७ लाख घनमिटरभन्दा बढी ढुंगा, गिट्टी र बालुवा अवैध उत्खनन गरी वन पैदावारमा क्षति पुर्याएको अभियोगमा डेढ अर्बभन्दा बढीको बिगो माग गरिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक सम्पत्ति दोहन र पदको दुरुपयोगमा संलग्न देखिएको ठहर गर्दै एक अर्ब ४७ करोड ३९ लाख ४३ हजार ३३७ रुपैयाँ ४५ पैसाको क्षतिपूर्ति माग गरेको हो । थापासँगै बागमती नगरपालिकाकी उपप्रमुख लीलाकुमारी मुक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, लेखा अधिकृत विश्वराज पोखरेल, इन्जिनियर सागर पौडेल तथा जिल्ला समन्वय समिति सर्लाहीका तत्कालीन प्रमुख मेथुर चौधरीविरुद्ध समेत सोही प्रकरणमा मुद्दा दायर गरिएको छ । भरत ताल निर्माण प्रकरणमा अनियमितता गरेको भन्दै अख्तियारले यसअघि नै विशेष अदालतमा मुद्दा दायर गरिसकेको छ । त्यसै कारण थापा हाल निलम्बनमा छन् । ताल निर्माणमा लागत मूल्य फर्जी देखाएर बजेट हिनामिना गरिएको आशंका गरिएको छ ।

# जलवायु संकटसँग जुध्न सरकार एक्लैले पुग्दैनः मन्त्री यादव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका वन तथा वातावरणमन्त्री संजयकुमार यादवले जलवायु परिवर्तन र वातावरणीय संकटको सामना गर्न सरकार एक्लैको प्रयास अपर्याप्त हुने बताएका छन् । उनले तीनवटै तहका सरकारबीचको सहकार्यसँगै गैरसरकारी क्षेत्र र समुदायको साझेदारी अझै मजबुत बनाउनु अहिलेको आवश्यकता भएको बताए । वेलायत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित रेन परियोजना अन्तर्गत सोमबार जनकपुरधाममा आयोजित प्रदेशस्तरीय समन्वय बैठकलाई सम्बोधन गर्दै मन्त्री यादवले जलवायु परिवर्तनका असरहरू मधेशजस्तो भूगोलमा झनै संवेदनशील भएको उल्लेख गरे । 'जलवायु परिवर्तनको असर नेपालमा गहिरिँदै गएको छ,' मन्त्री यादवले भने, 'यसको सामना गर्न सरकारी, गैरसरकारी र स्थानीय समुदायबीच आपसी समन्वय अपरिहार्य छ ।' उनले युवाहरूलाई वातावरणीय आन्दोलनमा अगुवा बनाउनु पर्नेमा जोड दिँदै नदी–नाला सफाइ, वन्यजन्तु संरक्षण र जैविक विविधता जोगाउने काममा युवापुस्ताको सक्रियता आवश्यक रहेको बताए । बैठकमा वन निर्देशनालय मधेश प्रदेशका निर्देशक जगरनाथ प्रसाद जयसवालले चुरे क्षेत्र, बाढी प्रभावित क्षेत्र र जोखिमयुक्त भूभागमा समयमै सूचना प्रवाह र पूर्वतयारीको खाँचो औंल्याए । उनले रेन परियोजनालाई अझ प्रभावकारी बनाउन नीति, बजेट र कार्यगत तालमेल आवश्यक भएको धारणा व्यक्त गरे । जलवायु परिवर्तन, बाढी, पहिरो, चुरे क्षेत्रको विनाश जस्ता गम्भीर पर्यावरणीय समस्याको प्रभाव न्यूनीकरण गर्न र जोखिम व्यवस्थापनलाई सुदृढ बनाउने उद्देश्यसहित मधेश प्रदेशमा रेन परियोजना सञ्चालनमा रहेको छ । बैठकमा प्रदेश सरकारका विभिन्न निकाय, विकास साझेदार, स्थानीय सरकारका प्रतिनिधि, वातावरण विज्ञ तथा सरोकारवाला संघसंस्थाहरूको सहभागिता थियो ।

# वीरगंज भन्सारद्वारा एघार महिनामा एक खर्ब ५८ अर्ब राजस्व सङ्कलन



**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको एघार महिनामा एक खर्ब ५८ अर्ब ६० करोड ४३ लाख राजस्व सङ्कलन गरेको छ । कार्यालयले सो अवधिमा कूल वार्षिक लक्ष्यको ७९ दशमलव प्रतिशत राजस्व सङ्कलन गरेको हो । कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले आगामी आर्थिक वर्षको बजेटले उत्साह जगाएकाले पनि जेठ महिनामा राजस्व सङ्कलन उत्साहप्रथ रहेको जानकारी दिए । 'विगत एघार महिनाको तथ्याङ्क केलाउँदा जेठ महिनामा सबैभन्दा धेरै राजस्व सङ्कलन भएको छ,' उनले भने, 'राजस्व सङ्कलनमा सबैभन्दा ठूलो हिस्सा पेट्रोलियम पदार्थ र सवारीसाधनको आयात रहेको छ ।' कार्यालयले साउनमा १२ अर्ब १५ करोड, भदौमा १३ अर्ब ४२ करोड, असोजमा १३ अर्ब ४७ करोड, कात्तिकमा ११ अर्ब १० करोड, मङ्सिरमा १४ अर्ब ४० करोड राजस्व सङ्कलन गरेको थियो । त्यस्तै पुसमा १५ अर्ब ४७ करोड, माघमा १४ अर्ब ४४ करोड राजस्व सङ्कलन गरेको थियो । यस्तै फागुनमा १४ अर्ब ६३ करोड राजस्व सङ्कलन गरेको छ भने चैतमा भने १५ अर्ब ४७ करोड राजस्व सङ्कलन गरेको छ । वैशाखमा भने १५ अर्ब ७२ करोड राजस्व सङ्कलन गरेको छ । जेठ महिनामा १८ अर्ब १८ करोड राजस्व सङ्कलन गरेको छ । चालु आवको एघार महिनामध्ये जेठमा सबैभन्दा धेरै राजस्व सङ्कलन भएको हो । भन्सार विभागले कार्यालयका लागि वार्षिक दुई खर्ब १८ अर्ब ९५ करोड रकम राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको छ । रासस

# कर्मचारी आन्दोलनले चार दिनदेखी राजविराज नगरपालिकाको कामकाज ठप्प

**मनोज माझी**
**सप्तरी ।**
कुटपिट, लुटपाट र धाकधम्की दिनेउपर कारवाहीको मागसहित राजविराज नगरपालिकाका कर्मचारीहरु धर्नामा बसेपछि चार दिनदेखी कार्यालयको कामकाज ठप्प भएको छ । नेपाल नगरपालिका कर्मचारी एसोशिएसनको नेतृत्वमा नगरपालिकाका कर्मचारी विगत चार दिनदेखी धर्नामा बसेपछि कामकाज अवरुद्ध भएको हो । प्रमुख प्रशासकिय अधिकृतको सरुवाको विषयलाई लिएर आन्दोलनमा उत्रेका निलम्बित मेयर भीमराज यादव समर्थकहरुले नगरपालिकामा जेठ २५ गते तालाबन्दी गरेका थिए । कार्यवाहक नगरप्रमुख इसरत परवीन पक्षका समर्थकले स्थानीय प्रशासन समेतको सहयोगमा जेठ २७ गते नगरपालिकाको ताला खोलेका थिए ।



त्यसको प्रतिकार गर्दै तोडफोडमा उत्रेका निलम्बित मेयर यादव सर्मथकहरुले नगरपालिकाका लेखा अधिकृत शत्रुधन दास, स्वास्थ्यकर्मी संतोष दास तथा केही सर्वसाधारण समेतलाई कुटपिट तथा नगरपालिका कार्यालयमा तोडफोड गरेका थिए ।

नेपाल नगरपालिका कर्माचारी एशोसिएशन राजविराजका अध्यक्ष कल्पना देवले सो क्रममा लेखा अधिकृत दासमाथी कुटपिटका साथै उनको सुनको सिक्री समेत लुटिएको बताइन् । प्रमुख प्रशासकिय अधिकृतमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हरिकिशोर प्रसाद चन्द्रबंशीलाई सरुवा गरेर पठाएपछि उनको सोमवार पदबहाली समेत भएको छ ।

तर, कुटपिट र लुटपाटमा संलग्नहरुलाई कारवाही र क्षतीपूर्ती माग्दै धर्नामा बसेका कर्मचारीहरु भने काममा फर्किएका छैनन् । उनीहरुले माग पुरा नभएसम्म काममा नफर्कने अडान लिएका छन् । कुटपिट र लुटपाटमा संलग्नलाई पक्राउ गर्नुका साथै कर्मचारीहरुले १५ वर्षदेखी करार सेवामा कार्यरत इन्जिनियर अशोक दासलाई कार्यपालिकाको पछिल्लो निर्णय अनुसार पुनः काममा लगाइनु पर्ने, दैनिक ज्यालादारी कर्मचारीको १६ दिनको बाँकी रहेको तलब भुक्तानी गर्नु पर्ने, कुटपिट र तोडफोडमा संलग्न योजना अधिकृत मनोज यादव सहितका व्यक्तीलाई कारवाही तथा कर्मचारीको दुर्घटना बीमाको व्यवस्था लगायतका माग समेत अघि सारेका छन् ।

# नक्कली प्रमाणपत्र पेश गरी सव–इन्जिनियर बनेका झाविरुद्ध भ्रष्टाचार मुद्दा

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा करार सेवामा सव–इन्जिनियरको पदमा नियुक्त हुन नक्कली शैक्षिक प्रमाणपत्र पेश गरेको आरोपमा एक जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । सोमबार आयोगले दीपेन्द्रकुमार झाविरुद्ध काठमाडौँस्थित विशेष अदालतमा मुद्दा दायर गरेको हो । उनले शैक्षिक योग्यता नपुगी नक्कली प्रमाणपत्र तयार गरी गाउँपालिकामा पेश गरेर ओहोदा, लाभ र आर्थिक सुविधा हडपेको अनुसन्धानबाट खुलेको अख्तियारले जनाएको छ ।

'कुमारले नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा नियुक्ति लिई सेवा सुविधा लिएको पुष्टि भएकाले भ्रष्टाचार निवारण ऐनअनुसार मुद्दा दायर गरिएको हो,' अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए । उनी सव–इन्जिनियर पदमा करार सेवामा नियुक्त भएका थिए । अख्तियारका अनुसार उनले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र यथार्थ नभएको पुष्टि भएपछि उनलाई दोषी ठहर गर्दै भ्रष्टाचार मुद्दा अघि बढाइएको हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन